कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको कामकारोवार गर्ने

# चौतारी लघुवित्त वित्तीय संस्था लि.

# Chautari Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था (१५ जिल्ला कार्यक्षेत्र भएको)
ट्राफिक चोक, बुटवल, रुपन्देही, नेपाल, फोन नं.:०७१–५४५३३५, ०७१–५४५३३४,
E-mail : info@chautarimfb.com, Website: www.chautarimfb.com
को
(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

# विवरण-पत्र

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ | आ.ब. ०७७/०७८ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९३.१७ | १२०.९९ | १११.७२ | १२८.०७ | १५३.३२ | १८४.४७ |
| प्रति शेयर आम्दानी (रु.) | (५.२४) | २७.४३ | ८.१५ | २०.०९ | २५.२१ | ३१.१५ |
| संचित नाफा/(नोक्सान) (रु. हजारमा) | (१,१००) | ५,७६० | १०,२६९ | ३७,३६५ | ४६,८८३ | ५७,९४३ |

वित्तीय संस्थाको जारी पूँजी रु.१८ करोड ६० लाखको ३२.२६% प्रतिशतले हुन आउने रु.६ करोड रकम बराबरको प्रति शेयर रु.१००/– अंकित दरका ६,००,००० कित्ता साधारण शेयर मध्ये जारी पूँजीको ०.५% अर्थात ९,३,०० कित्ता शेयर कर्मचारीहरु तथा सर्वसाधारणहरुलाई छुट्याएको मध्येको ५% अर्थात ३०,००० कित्ता शेयर सामुहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी रहने ५,६०,७०० कित्ता साधारण शेयरहरुको सार्वजनिक निष्काशन ।

**दरखास्तसाथ प्रति साधारण शेयर रु.१००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ८** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

यस विवरणपत्र अनुसार सर्वसाधारणहरुमा निष्काशन गरिने साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई **"ईक्रा एनपि आईपिओ ग्रेड ४"** प्रमाणपत्र प्राप्त गरेको छ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । **"ईक्रा एनपि आईपिओ ग्रेड ४"** ले औसत भन्दा कमजोर (Below Average Fundamental) आधारहरु जनाउँदछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति : २०७५/७/३०
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०७५/८/६

धितोपत्र निष्काशन खुल्ला हुने मिति : २०७५/८/१९
धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७५/८/२३
धितोपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०७५/९/१९

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
Wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

**एनआईबिएल एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ४००५०८०, फ्याक्स: ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com
(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)

## १. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

(क) **"विवरणपत्र"** भन्नाले सार्वजनिक रुपमा शेयर निष्काशन गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत तयार पारी प्रकाशित निष्काशन कम्पनीको सन्दर्भमा लगानीकर्ताहरुलाई जानकारी दिनको लागि गरिएको प्रस्तुत पुस्तिकालाई सम्झनु पर्दछ ।

(ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंलाई सम्झनु पर्दछ ।

(ग) **"वित्तीय संस्था"** भन्नाले निष्काशनकर्ता कम्पनी चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेडलाई सम्झनु पर्दछ ।

(घ) **"संकलन केन्द्र"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थालाई सम्झनु पर्दछ ।

(ङ) **"निष्काशन बैंक"** भन्नाले निष्काशन तथा बिक्री प्रबन्धक सँग सम्झौत गरी धितोपत्र निष्काशनका क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकलाई सम्झनु पर्दछ ।

(च) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ ।

(छ) **"संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापन"** भन्नाले चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेडका संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापनलाई सम्झनु पर्दछ ।

(ज) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

## २. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

| सि.नं. | विवरण पत्र प्राप्त गर्न सकिने संस्थाको नाम र ठेगाना |
|---|---|
| १. | एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौं र वेबसाइट : www.niblcapital.com |
| २. | चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड, ट्राफिक चोक, बुटवल र वेबसाइट : www.chautarimfb.com |

| सि.नं. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान : |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु । |

## १. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्काशनकर्ता लघुवित्त वित्तीय संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यबस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

## २. संगठित संस्थाको उद्घोषण :

**(क) संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**(ख) संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस चौतारी लघुवित्त वित्तीय संस्था लि.ले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**(ग) नियमन निकायको नियमन ब्यबस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/ब्यबसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदी) को सार्वजनिक निष्काशन तथा अन्य नियमन ब्यबस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । साथै यस वित्तीय संस्थाले कम्पनी रजिष्ट्रारको कार्यालयमा आर्थिक बर्ष २०७३/०७४ सम्मको विवरण पेश गरेको हुनाले उक्त आर्थिक बर्ष सम्ममा यस वित्तीय संस्था कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको र सो ब्यहोराको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७४/१२/२८, च.नं.३६१७४/०७४/७५ को पत्रबाट प्राप्त भएको छ ।

**(घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

१. यस वित्तीय संस्थाको संस्थापक, संचालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस वित्तीय संस्थाको संचालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख छैनन् ।
३. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ता हरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस लघुवित्त वित्तीय संस्थाको संचालक वा कार्यकारी प्रमुख छैनन् ।
४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र ब्यबसायीको अनुमति खारेज भएको दश बर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस वित्तीय संस्थाको संचालक वा कार्यकारी प्रमुख छैनन् ।
५. यस वित्तीय संस्थाको संचालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

३. **संगठित संस्था सम्बन्धी जानकारी :**

**(क) संगठित संस्थाको पृष्ठभूमी :**

**(क) संस्थाको नाम** : चौतारी लघुवित्त वित्तीय संस्था लि. **(Chautari Laghubitta Bittiya Sanstha Ltd.)**

**(ख) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७१/१२/९ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक कम्पनीको रुपमा दर्ता भएको हो । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार मिति २०७२/८/९ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृत प्राप्त गरी दश जिल्ला कार्यक्षेत्र भएको “घ” बर्गको वित्तीय संस्थाको हैसियतले मिति २०७२/९/१९ गतेदेखि लघुवित्त कारोबार सञ्चालन गर्दै आइरहेको छ ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :** यस वित्तीय संस्थाको रजिष्टर्ड (प्रधान कार्यालय) कार्यालय बुद्धपथ, बुटवल, रुपन्देहीमा रहेको छ ।

**(घ) कारोवार गर्ने मुख्य स्थान :** यस वित्तीय संस्थाको कारोवार स्थान नवलपरासी, रुपन्देही, कपिलबस्तु, गुल्मी, अर्घाखाँची, पाल्पा, प्यूठान, रोल्पा, दाङ र सल्यान गरी १० जिल्ला रहेकोमा नेपाल राष्ट्र बैंक बैंक तथा वित्तीय संस्था नियमन विभागको मिति २०७५/२/९ को पत्रानुसार थप पाँच जिल्लाहरु पूर्वी रुकुम, जाजरकोट, पश्चिम रुकुम, सुर्खेत र स्याङ्जामा कार्यक्षेत्र विस्तार भएको छ र नेपाल राष्ट्र बैंकको स्वीकृत लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोलि वित्तीय कारोबार गर्न सक्नेछ । हाल यस वित्तीय संस्थाले रजिष्टर्ड कार्यालयको अलावा देहायका स्थानहरुमा रहेको शाखा कार्यालयहरुबाट आफ्नो लघुवित्त कारोबार गर्दै आइरहेको छ

| क्र.सं. | कार्यालयको नाम | कार्यालय रहेको स्थान |
|---|---|---|
| १. | शाखा कार्यालय, शिवपुर | तिलोत्तमा–८, रुपन्देही |
| २. | शाखा कार्यालय, दोभान | तिनाउ-२, पाल्पा |
| ३. | शाखा कार्यालय, गोछडा | कावासोती-१७, नवलपरासी (बर्दघाट सुस्ता पुर्व) |
| ४. | शाखा कार्यालय, मानपकादी | शुद्धोधन -५, रुपन्देही |
| ५. | शाखा कार्यालय, बुड्ढी | बुद्धभुमि-४, कपिलवस्तु |
| ६. | शाखा कार्यालय, बतासे | रिब्धिकोट-७, पाल्पा |
| ७. | शाखा कार्यालय, श्रीनगर | शारदा-१, सल्यान |
| ८. | शाखा कार्यालय, थारमारे | बागचौर-२, सल्यान |
| ९. | शाखा कार्यालय, सुलिचौर | सुवर्णावती-४, रोल्पा |
| १०. | शाखा कार्यालय, सर्दी | विनयी त्रिवेणी-३ नवलपरासी(बर्दघाट सुस्ता पुर्व) |
| ११. | शाखा कार्यालय, खनदह | मालारानी-३, अर्घाखाँची |
| १२. | शाखा कार्यालय, बलकोट | छत्रदेव-२, अर्घाखाँची |
| १३. | शाखा कार्यालय, गोग्ली | घोरही-४ दाङ |
| १४. | शाखा कार्यालय, सिमलटारी | मालिका -८, गुल्मी |
| १५. | शाखा कार्यालय, लालमाटीया | राप्ती-३, दाङ |
| १६. | शाखा कार्यालय, ठुलाबेसी | गौमुखी-५ प्युठान |
| १७. | शाखा कार्यालय, ठुटिपिपल | ओमसतिया-१, रुपन्देही |
| १८. | शाखा कार्यालय, शंकरपुर | देवदह-११, रुपन्देही |
| १९. | शाखा कार्यालय, कोपवा | वाणगंगा-५ कपिलवस्तु |
| २०. | शाखा कार्यालय, रुद्रपुर | कञ्चन-४, रुपन्देही |
| २१. | शाखा कार्यालय, शिवराज | शिवराज-१, कपिलवस्तु |
| २२. | शाखा कार्यालय, बेथरी | मायादेवी-६, रुपन्देही |
| २३. | शाखा कार्यालय, रानीबगिया | सैनामैना-१, रुपन्देही |
| २४. | शाखा कार्यालय, गढवा | गढवा-६, दाङ |
| २५. | शाखा कार्यालय, अर्गली | तानसेन-१४, पाल्पा |
| २६. | शाखा कार्यालय, बागदुला | प्युठान-७, प्युठान |
| २७. | शाखा कार्यालय, लामाचौर | स्वर्गद्वारी-९, प्युठान |
| २८. | शाखा कार्यालय, शान्तिनगर | शान्तिनगर-३, दाङ |
| २९. | शाखा कार्यालय, मादीचौर | रोल्पा-७, रोल्पा |
| ३०. | शाखा कार्यालय, घर्तिगाउँ | माडी-२, रोल्पा |
| ३१. | शाखा कार्यालय, मजुवा | चन्द्रकोट-८, गुल्मी |
| ३२. | शाखा कार्यालय, रामपुर | रामपुर-६, पाल्पा |
| ३३. | शाखा कार्यालय, भलवाड | वाणगंगा-९, कपिलवस्तु |
| ३४. | शाखा कार्यालय, भुमही | सुनवल-१२, नवलपरासी |
| ३५. | शाखा कार्यालय, लुम्बिनी | लुम्बिनी सांस्कृतिक-६, रुपन्देही |

| | | |
|---|---|---|
| ३६. | शाखा कार्यालय, फेनहरा | सुस्ता-१, नवलपरासी |
| ३७. | शाखा कार्यालय, दुर्गाफाँट | पाणिनी-३, अर्घाखाँची |
| ३८. | शाखा कार्यालय, राजपुर | राजपुर-५ दाङ |
| ३९. | शाखा कार्यालय, हापुरे | बबई-४, दाङ |
| ४०. | शाखा कार्यालय, चौरजहारी | चौरजहारी-१, पश्चिम रकुम |
| ४१ | शाखा कार्यालय, खलंगा | भेरी-४, जाजरकोट |
| ४२. | शाखा कार्यालय, चापाकोट | चापाकोट-१०, स्याङ्जा |
| ४३. | शाखा कार्यालय, हेकुली | दंगीशरण-१, दाङ |
| ४४. | शाखा कार्यालय, रुकुमकोट | सिस्ने -५, पूर्वी रुकुम |
| ४५. | शाखा कार्यालय, जामुनेबजार | सिम्ता-६, सुर्खेत |
| ४६. | शाखा कार्यालय, मेहेलकुना | गुर्भाकोट-८, सुर्खेत |
| ४७. | शाखा कार्यालय, बाबियाचौर | पंचपुरी-६, सुर्खेत |
| ४८. | शाखा कार्यालय, कमेरेचौर | बंगलाचुली गा.पा.३, कमेरेचौर, दाङ |
| ४९. | शाखा कार्यालय, मिर्मी | कालिगण्डकी-७, स्याङ्जा |
| ५०. | शाखा कार्यालय, मझगावाँ, रुपन्देही | कोटहीमाई-५, रुपन्देही |
| ५१. | शाखा कार्यालय, पकडी, कपिलवस्तु | मायादेवी-२, कपिलवस्तु |
| ५२. | शाखा कार्यालय, देउती, सुर्खेतु | बिरेन्द्रनगर-११, सुर्खेत |
| ५३. | शाखा कार्यालय, बांगेसिमल, सुर्खेत | बिरेन्द्रनगर-२, सुर्खेत |
| ५४. | शाखा कार्यालय, ठाडा, अर्घाखाँची | शितगंगा-४, अर्घाखाँची |

**(ङ) संगठित संस्थाको स्थापनाकाल देखि हाल सम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मूख्य उद्देश्यहरु :**

यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७१/१२/९ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक कम्पनीको रुपमा दर्ता भएको हो । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार मिति २०७२/८/९ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृत प्राप्त गरी दश जिल्ला कार्यक्षेत्र भएको "घ" बर्गको वित्तीय संस्थाको हैसियतले मिति २०७२/९/१९ गते देखि लघुवित्त कारोबार सञ्चालन गर्दै आइरहेको छ । साथै नेपाल राष्ट्र बैंक बैंक तथा वित्तीय संस्था नियमन विभागको मिति २०७५/२/९ को पत्रानुसार थप पाँच जिल्लाहरु पूर्वी रुकुम, जाजरकोट, पश्चिम रुकुम, सुर्खेत र स्याङ्जामा कार्यक्षेत्र विस्तार भएको छ। यस वित्तीय संस्थाका संस्थापकहरुमा बिभिन्न बैंक तथा वित्तीय संस्था, बैंकिङ्ग क्षेत्र, जलविद्युत क्षेत्र, सरकारी, गैर सरकारी, शैक्षिक क्षेत्र, कृषि उद्योग तथा ब्यापार क्षेत्र एवं ब्यबस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तिहरु रहेनु भएको छ ।

वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा रही लघुवित्त कारोबार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

(क) वित्तीय संस्थाको निक्षेपकर्ताको हक-हितको संरक्षण र सम्वर्द्धन गर्दै स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, ब्यापार तथा अन्य ब्यवसायिक रूपले सम्भाब्य देखिएका उत्पादनशील ब्यवसायको स्थापना, विकास, बिस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, ब्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध सीप, श्रम तथा पुँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक ब्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा ब्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रूपमा संलग्न भई सहयोग पुऱ्याउने,

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :**

सो नभएको ।

**(छ) अन्य विवरणहरु :**

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :**

वित्तीय संस्थाले प्रदान गर्ने मुख्य सेवाहरुमा ग्राहक सदस्यहरुबाट निक्षेप (बचत) संकलन, कर्जा प्रवाह र बिप्रेषण भुक्तानी सेवा समेत प्रदान गर्न सकिने रहेकोछ ।

**(२) प्रयोग भएको वा गरिने प्रविधि :**

यो वित्तीय संस्था सेवा प्रदायक कम्पनी भएकोले माथि खण्ड (१) मा उल्लेखित सेवा प्रदान गर्न आवश्यक प्रविधि सम्पन्न रहेको छ ।

(३) **कुनै ब्राण्डनेम, प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

**(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्रः**

मिति २०७२/८/९ गतेदेखि वित्तीय संस्थाको रुपमा लघुवित्त कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गरी मिति २०७२/९/१९ गतेदेखि "घ" बर्गको १० जिल्ला कार्य क्षेत्र भएको वित्तीय संस्थाको हैसियतले आफ्नो लघुवित्त कारोबार संचालन गर्दै आएकोमा नेपाल राष्ट्र बैंक बैंक तथा वित्तीय संस्था नियमन विभागको मिति २०७५/२/९ गतेको पत्रानुसार ५ जिल्लामा कार्यक्षेत्र विस्तार गरी १५ जिल्ला पुर्‍याउन स्वीकृती प्रदान गरिएको छ । साथै यस वित्तीय संस्थाले २०७५ श्रावण मसान्त सम्ममा १५ जिल्लामा ५१ वटा शाखा कार्यालयहरुबाट आफ्नो सेवा विस्तार गरी त्यस क्षेत्रका २८,३०८ सदस्यहरुलाई आफ्नो लघुवित्त सेवा प्रदान गर्दै आइरहेको छ । सो अवधि भित्रमा वित्तीय संस्थाको बचत रु.२३ करोड ३५ लाख ६१ हजार र साँवा बाँकी रु.८० करोड ९७ लाख १६ हजार पुर्‍याउन सफल रहेकोछ ।

**(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :**

समय सापेक्ष अनुसार नयाँ उत्पादन तथा सेवाको विकास गरी सम्भाव्य ग्राहकहरुको पहिचान गरेर आफ्नो व्यापार विस्तार गर्ने योजना रहेको छ ।

**(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**

वित्तीय संस्थाको प्रमुख बजार हाल नवलपरासी, रुपन्देही, कपिलबस्तु, गुल्मी, अर्घाखाँची, पाल्पा, प्यूठान, रोल्पा, दाङ र सल्यान गरी १० जिल्ला रहेकोमा नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागको मिति २०७५/२/९ को पत्रानुसार थप पाँच जिल्लाहरु पूर्वी रुकुम, जाजरकोट, पश्चिम रुकुम, सुर्खेत र स्याङ्जामा कार्यक्षेत्र विस्तार भएको छ र हरेक बर्गका ग्राहकको आवश्यकता अनुरुप नै सेवाहरु उपलब्ध गराउँदै लैजाने वित्तीय संस्थाको लक्ष रहेको छ ।

**(७) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :**

बैंक तथा वित्तीय संस्थाहरुमा लामो अनुभव हासिल गर्नु भएका सञ्चालक/व्यबस्थापन दक्षताको आधारमा यस वित्तीय संस्थाले स्थापनाको छोटो समयमा नै वित्तीय बजारको राम्रो हिस्सा ओगट्न र आफ्ना सेवाग्राहीहरुलाई राम्रो सेवा प्रदान गर्न सफल रहेको देखिन्छ ।

**(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**

सो नभएको ।

**(९) गुण नियन्त्रणको लागि गरिएको ब्यबस्था :**

बैंक तथा वित्तीय संस्था, शैक्षिक क्षेत्र, सरकारी सेवा, उद्योग एवं व्यापारिक क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएका सञ्चालक/व्यबस्थापन समूह सेवाग्राहीहरुको गुणस्तरीय सेवा, सुविधा तथा सन्तुष्टिको लागि तत्पर रहेको छन् ।

**(१०) अनुसन्धान तथा विकास :**

नेपालको बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा प्रतिस्पर्धात्मक स्थिति रहेको आजको पृष्ठभुमिमा वित्तीय संस्थाले अनुसन्धान तथा विकासलाई उच्च प्राथमिकता दिई सो कार्यको लागि छुट्टै अधिकृत नियुक्त गरिनेछ । जसले नयाँ सेवाहरुको विकास मात्र नभई हाल प्रदान गरिएका सेवाहरुमा समय सापेक्ष रुपमा आवश्यक परिमार्जनहरु गर्ने, नयाँ सेवाहरुको उपयुक्तताको सम्बन्धमा ब्यबस्थापनलाई सुझाव उपलब्ध गराउनेछ । साथै वित्तीय संस्थाले ग्राहकबर्गमा नयाँ निक्षेपको योजनाहरु, ग्राहकमुखी सरल कर्जा सुविधा र विश्वसनीय नयाँ नयाँ प्रविधिको प्रयोग गरी आफ्ना ग्राहकहरुलाई प्रतिस्पर्धात्मक एवं गुणस्तरीय सेवा प्रदान गर्ने लक्ष्य राखेको छ ।

**(११) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान :**

सो नभएको ।

**(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :**

सो नभएको ।

**(१३) बजार प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति:**

वित्तीय कारोबारको हिसावले केवल करिव २.५ बर्ष अवधिको वित्तीय संस्था भएतापनि आफ्ना कार्यक्षेत्रमा संचालित अन्य समान वित्तीय संस्थाहरु बीच यस वित्तीय संस्थाले आफ्ना स्थितिलाई मजबुद बनाउँदै लगेको छ । आ.ब.२०७२/०७३ सम्मको अवधिमा संचालन नोक्सानीमा रहेकोमा पछिल्लो आ.ब.२०७३/०७४ मा संचालन मुनाफामा आईसकेको छ । समान प्रकृतिका संस्थाहरु बीच प्रतिस्पर्धा भएतापनि आफ्नो छुट्टै पहिचान बनाउन सफल भई बजारमा आफ्नो स्थान ओगट्न सफल रहेकोछ ।

**(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै–संस्थाको कुल कारोबारमा १०** प्रतिशत **वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण :**

सो नभएको ।

**(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै–संस्थाको कुल कारोबारमा १० प्रतिशत वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण :**

सो नभएको ।

(ख) **सम्पत्तिको विवरण :**

(क) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**
वित्तीय संस्थाको आ.ब.०७३/०७४ सम्मको सम्पत्तिको अवस्था तल उल्लेख गरे बमोजिम रहेको छ ।

| विवरण | सम्पत्ति | | | | यस बर्ष (रु.) | गत वर्ष (रु.) |
|---|---|---|---|---|---|---|
| | परिवहन साधन | कम्प्युटर | कार्यालय सामान | अन्य | | |
| **परलमोल** | | | | | | |
| क. गत वर्षको मौज्दात | ३३३३५७३.६७ | ५८२३२२.५० | ३६६६३३५.३६ | ४१५२७५ | ४९९७५०६.५३ | ३६५०१४५ |
| ख. यस वर्ष थप | | १६७३९६० | ३०७४९५१ | ५३६७५० | ५२७४१६३ | ३,६३१,१४५ |
| ग. यस वर्ष पूनर्मूल्याङ्कन/पुनर्लेखन | | | | | – | – |
| घ. यस वर्षको विक्री | | | | | – | – |
| ङ. यस वर्षको अपलेखन | | | ५९७२० | | ५९७२० | – |
| **कुल परलमोल** | ३३३३५७३.६७ | २२५६२८२.५० | ६६८१५६६.४१ | ९५२०२५ | १०२११९४९.५३ | २०४२३८९९.०५ |
| **ह्रासकट्टी** | | | | | | |
| क. गत वर्ष सम्मको | | १४५५८०.६३- | ८८०९९९.९७ | १०४५२५ | ११३११०५.५९ | ५७७०९०.५८ |
| ख. यस वर्षको | ६६७१४.७३ | २८४२४६.४२ | ४७९०९३.०४ | ११८६५० | ९४८७०४.१९ | १३८७१४२ |
| ग. ह्रासकट्टी पूनर्मूल्याङ्कन/पूनर्लेखन | – | – | – | – | | – |
| घ. यस वर्षको विक्री | | | | | | – |
| **कूल ह्रासकट्टी** | ६६७१४.७३ | ४२९८२७.०४ | १३६००९३.०१ | २२३१७५ | २०७९८०९.७८ | १९६४२३२.५८ |
| **बूक भ्यालू** | २६६८५८.९३ | १८२६४५५.४६ | ५३२१४७३.४ | ७२८८५० | ८१४३६३७.७९ | ४९९७५०६.५३ |
| **जग्गा** | – | | – | | – | – |
| **पूंजीगत निर्माण** | – | | – | | – | – |
| **लीजहोल्ड सम्पत्ति** | | | | | ११६१३१ | |
| **जम्मा** | २६६८५८.९३ | १८२६४५५.४६ | ५३२१४७३.४ | ७२८८५० | ८२५९७६८.७९ | ४९९७५०६.५३ |

(ख) **बूँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नु पर्ने ) : लागु नहुने ।**
उक्त बुँदामा उल्लेखित सम्पत्ति वित्तीय संस्थाको आफ्नै स्वामित्वको हो ।

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :** सो नभएको ।

(घ) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :**
वित्तीय संस्थाको सम्पूर्ण सम्पत्ति पुनर्मूल्याङ्कन नगरिएको हुँदा कितावी मूल्य र बजार मूल्य बीच फरक नभएको।

(ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण :**
परलमोलमा नियमानुसार गर्नुपर्ने ह्रास कट्टी गरी लेखामान अनुसार बाँकी रहेको वास्तविक सम्पत्तिलाई सम्पत्तिको रुपमा राखिएको छ र सो को पुनर्मूल्याङ्कन गरिएको छैन् ।

(ग) **भावी योजना तथा रणनिती :**

(क) **ब्यबसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीतिः**
वित्तीय संस्थाले आफ्नो ब्यबसाय/सेवाको बृद्धिका लागि चालिने भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयबद्ध रणनीति निम्नानुसार छन् ।

- आगमी दिनहरुमा शाखा बिस्तारमा थप जोड दिने ।
- वित्तीय संस्थाले आफ्ना् शाखा विस्तारको हिसावले निक्षेप संकलन तथा कर्जा प्रवाह गर्नेछ ।
- भविष्यमा समेत ग्राहकहरुबाट माग भए बमोजिमका सेवा सुविधाहरु आफ्ना ग्राहक बर्गमा ल्याउन प्रयत्नरत रहने छ ।
- सेवाग्राहीहरुको संख्यामा बृद्धि गर्दै लगिने छ ।
- समय सापेक्ष रुपमा कार्यक्षेत्र विस्तार गरी संस्थाको दायरा फराकिलो बनाउँदै लगिने छ ।
- समग्र कर्जाको गुणस्तरलाई उच्चस्तरमा राख्ने र कर्जा तथा सापटमा प्राप्त हुने प्रतिफललाई उच्च राख्न कर्जा लगानीमा विविधिकरण गर्ने ।
- भविष्यमा सर्वसाधारणहरुमा साधारण शेयर जारी गरी यस वित्तीय संस्थाको चुक्ता पूँजी वृद्धि गरी १८ करोड पुर्‍याउने छ ।
- प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिमका उद्देश्यहरु हासिल गर्नका लागि लघुवित्त कारोबारहरु विस्तार गर्दै लैजाने छ ।

लघुवित्त कारोबार गर्ने वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु, लघुवित्त संस्थाले प्रदान गरेको तथा भविष्यमा प्रदान गरिने कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम, देशको राजनैतिक परिस्थितिबाट आउन सक्ने जोखिमहरु, देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु, नेपाल सरकारको आर्थिक नीति तथा नेपाल राष्ट्र बैंकको वित्तीय नीतिमा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु, पूंजिको लागत तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु, पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु, अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपालको बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु, देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नीति, नियम र निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु, देशको बैदेशिक नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु तथा लघुवित्त संस्थाले सरकारी तथा गैर सरकारी धितोपत्रहरुमा लगानी गर्दा धितोपत्रको मूल्यमा परिवर्तनका कारण उत्पन्न हुनसक्ने जोखिमहरु लगायत सम्पूर्ण जोखिमहरुको गहन अध्ययन र विश्लेशण गरी उक्त जोखिमहरु न्यूनिकरण गर्दै जाने रणनीति वित्तीय संस्थाले लिएको छ ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको भविष्य :**

हाल देशको बैंकिङ्ग वातावरण अत्यन्त प्रतिस्पर्धात्मक छ । विगतको छोटो अवधिमानै धेरै लघुवित्त सेवा प्रदायक संस्थाहरु र स्थानीय तहमा सहकारी संस्थाहरु स्थापना भई संचालनमा आइरहेका छन् । यो परिस्थितिले गर्दा एकातर्फ देशको बैंकिङ्ग वातावरण बढी प्रतिस्पर्धात्मक हुने देखिन्छ भने अर्को तर्फ विगतका केही समययता देखा परेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिले देशको आर्थिक स्थितिको बारेमा केही चिन्तित हुनुपर्ने स्थिति समेत रहेको छ । यो अवस्थाले देशको बैंकिङ्ग व्यवसायलाई केही हद सम्म प्रभाव पार्ने देखिएता पनि हालसम्मको यस वित्तीय संस्थाको परिस्थितिलाई मूल्याङ्कन गर्दा वित्तीय संस्थाको अवस्था सन्तोषजनक देखिन्छ । तसर्थ, देशको लघुवित्त व्यवसाय बीचको प्रतिस्प्रर्धा, विद्यमान आर्थिक स्थिति र हाल सम्मका दिनहरुमा वित्तीय क्षेत्रले उत्साहजनक सफलता पाईरहेको आधारमा यस वित्तीय संस्थाले स्थापनाकाल देखि नै ग्राहकहरुको चाहना र आवश्यकता अनुसारका स्तरीय ग्राहकोन्मुख सेवा तथा सुविधाहरु प्रदान गरेर उपलब्ध श्रोत र साधनको अधिकतम रुपमा परिचालन गरी उत्साहजनक उपलब्धी हासिल गरेको छ । त्यस कारण विद्यमान उपलब्धीहरु एवं प्रस्तुत भावी योजनाहरुको आधारमा यस वित्तीय संस्थाको भविष्य सुदृढ हुने देखिन्छ ।

**(घ) संचालक समितिको संरचना र प्रतिनिधित्व सम्वन्धी व्यवस्था :**

**(क) संचालक समितिको संरचना, संचालकहरुको योग्यता र प्रतिनिधित्व तथा संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी ब्यबस्था :**

यस वित्तीय संस्थाको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार ७ (सात) जना संचालकहरु रहेको संचालक समिति देहाय बमोजिम गठन हुनेछ ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरुबाट मनोनित/निर्वाचित | ४ जना |
| सर्वसाधारण शेयरधनीहरुबाट मनोनित/निर्वाचित | २ जना |
| स्वतन्त्र संचालक | १ जना |
| **जम्मा** | **७ जना** |

यस वित्तीय संस्थाको संचालक हुनको लागि नेपाल राष्ट्र बैंकले जारी गरेको "बैंक तथा वित्तीय संस्थाका संचालक र कार्यकारी प्रमुख नियुक्तीका लागि आवश्यक योग्यता तथा कार्य अनुभव सम्बन्धी विनियवाली, २०७४" मा भएको ब्यबस्था बमोजिम योग्य हुनु पर्नेछ । यस वित्तीय संस्थाको नियमावलीको दफा २८ मा व्यवस्था भए अनुसार यस वित्तीय संस्थाको संचालकको पदमा नियुक्त हुनका लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्नेछ । तर स्वतन्त्र व्यावसायिक बिशेषज्ञ संचालक तथा संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो ब्यबस्था लागु हुने छैन । संचालकको कार्यकाल ४ (चार) बर्षको हुनेछ।

**४. पूँजी संरचना सम्बन्धी जानकारी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

१. <u>अधिकृत पूँजी</u>: यस वित्तीय संस्थाको अधिकृत पूँजी रु.३० करोड रहेको छ, जसलाई प्रति शेयर रु.१००/– का दरले जम्मा ३० लाख कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

२. <u>जारी पूँजी</u>: यस वित्तीय संस्थाको जारी पूँजी रु.१८ करोड ६० लाख रहेको छ, जसलाई प्रति शेयर रु.१००/–का दरले जम्मा १८ लाख ६० हजार कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

३. <u>चुक्ता पूँजी</u>: यस वित्तीय संस्थाको जारी भएका १८ लाख ६० हजार कित्ता साधारण शेयर मध्ये रु.१२ करोड ६० लाख बराबरको रु.१००/–दरको १२,६०,००० कित्ता साधारण शेयर संस्थापक शेयरधनीहरुको नाममा बाँडफाँड भई जम्मा रु.१२ करोड ६० लाख रकम चुक्ता भुक्तान भईसकेको छ । यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको बाँडफाँट पश्चात वित्तीय संस्थाको चुक्ता पूँजी रु.१८ करोड ६० लाख हुनेछ ।

**अधिकृत,जारी तथा चुक्ता पूँजीमा भई आएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

यस वित्तीय संस्थाको स्थापना पश्चात पूँजीमा भएको परिवर्तन सम्बन्धी विवरण :

| क्र.सं. | आर्थिक बर्ष | अधिकृत पूँजी (रु.) | जारी पूँजी (रु.) | चुक्ता पूँजी (रु.) |
|---|---|---|---|---|
| १. | ०७१/०७२ | रु.६,००,००,०००/– | रु.३,००,००,०००/– | रु.२,१०,००,०००/– |
| २ | ०७२/०७३ | रु.६,००,००,०००/– | रु.३,००,००,०००/– | रु.२,१०,००,०००/– |
| ३. | ०७३/०७४ | रु.३०,००,००,०००/– | रु.१८,००,००,०००/– | रु.११,००,३७,०००/– |
| ४ | ०७४/०७५ | रु.३०,००,००,०००/– | रु.१८,००,००,०००/– | रु.१२,६०,००,०००/– |
| ५. | ०७५/०७६ | रु.३०,००,००,०००/– | रु.१८,६०,००,०००/– | रु.१२,६०,००,०००/– |

**(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछः

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | १२,६०,००० | ६७.७४% | १२,६०,००,०००/– | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी समेत) | ६,००,००० | ३२.२६% | ६,००,००,०००/– | शतप्रतिशत |
| | **जम्मा** | **१८,६०,०००** | **१००%** | **१८,६०,००,०००/–** | |

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात) :**

निष्काशन गरिने शेयर प्रिमियममा नभई अंकित मुल्यमा जारी गरिने भएकोले शेयर प्रिमियम खाताको आवश्यकता नभएको ।

**५. संस्थापक/संचालक सम्बन्धी जानकारी :**

**(क) संस्थापक/संचालकको पृष्ठभूमी :**

**(क) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव :**

**आधारभुत शेयरधनीको विवरण :**

| सि.नं. | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव प्रस्तावित ब्यापार/ब्यवसाय |
|---|---|---|---|---|---|---|---|---|
| १. | सेन्ट्रल फाइनान्स लि. | संस्थापक | लागु नहुने | लागु नहुने | कुपण्डोल, ललितपुर | १,२०,००० | लागु नहुने | लागु नहुने |
| २. | कामना सेवा विकास लि. | संस्थापक | लागु नहुने | लागु नहुने | काठमाण्डौं | ९०,००० | लागु नहुने | लागु नहुने |

**संचालकहरुको विवरण :**

| सि.नं. | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव प्रस्तावित ब्यापार/ब्यवसाय |
|---|---|---|---|---|---|---|---|---|
| १. | जगत बहादुर पोखरेल | अध्यक्ष | ४३ | नेपाली | भैरवस्थान ५, पाल्पा | ६,००० | स्नातक | पूर्व अध्यक्ष, पश्चिमाञ्चल ग्रामिण विकास बैंक लि., मर्जर समिति संयोजक, ५ वटा ग्रामिण विकास बैंक, -बैंकिङ्ग क्षेत्रमा १० बर्ष बढीको अनुभव -व्यवसायीक क्षेत्रमा २३ बर्ष बढीको अनुभव -पूर्व राष्ट्रिय अध्यक्ष, नेपाल जेसिज |
| २. | तिलक भुषाल | संचालक | ४० | नेपाली | बुटवल १४, रुपन्देही | ६,००० | स्नातकोत्तर | -त्रि. वि.उपप्राध्यापक, बुटवल बहुमुखी क्याम्पस र तिलोत्तमा कलेजमा प्राध्यापन -प्राध्यापन क्षेत्रमा १५ बर्ष बढीको अनुभव |
| ३. | पुष्पराज ढकाल | संचालक | ३४ | नेपाली | साँखर ९, स्याङजा | ६,००० | एस.एल.सी. | -व्यवसायीक क्षेत्रमा १० बर्ष बढीको अनुभव |
| ४. | कृष्ण प्रसाद देवकोटा | संचालक | ३७ | नेपाली | चापाकोट ४,स्याङजा | ६,००० | आई.ए. | -बिभिन्न गैर सरकारी तथा सहकारी क्षेत्रमा १५ बर्ष बढीको अनुभव |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५. | गोपाल प्रसाद बस्याल | संचालक | ४७ | नेपाली | दोभान १, पाल्पा | ६,००० | स्नातकोत्तर | -शिक्षण पेशामा २० बर्ष बढीको अनुभव, स्टेशनरी व्यवसायी |
| ६. | ईन्दिरा पन्थी | स्वतन्त्र संचालक | ५० | नेपाली | बुटवल–९, रुपन्देही | – | स्नातकोत्तर | राष्ट्रिय वाणिज्य बैंकमा ३० वर्ष कार्य गरी अवकाश प्राप्त |

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक ब्यक्ति नखुलेसम्म) :**

| सि.नं. | संस्थाको नाम, ठेगाना | संचालकहरुको नाम, ठेगाना |
|---|---|---|
| १. | कामना सेवा विकास बैंक लिमिटेड, काठमाडौं । (साविकको सेवा विकास बैंक लिमिटेड, बुटवल, रुपन्देही) | अध्यक्ष : श्री सुदीप आचार्य, काठमाडौं-१०, नयाँ बानेश्वर |
| | | संचालक : श्री भिमप्रसाद तुलाचन बुटवल - रुपन्देही |
| | | संचालक : श्री चतुराखर अधिकारी, पोखरा लेखनाथ म.न.पा.-२७ कास्की |
| | | संचालक : श्री देवकृष्ण काफ्ले पोखरा- १९, कास्की |
| | | संचालक : श्री विश्वेश्वर सुवेदी ठुलिपोखरी -४ पर्वत |
| | | संचालक : श्री बलराम वराल, पोखरा लेखनाथ म.न.पा.-२९ कास्की |
| २. | जनता बैंक नेपाल लि., थापाथली, काठमाडौ। (साविक एकता विकास बैंक लि., बुटवल, रुपन्देही) | अध्यक्ष : श्री केशवबहादुर रायमाझी अमरदह -६, मोरङ्ग |
| | | संचालक : श्री लंकाबहादुर के.सी भरतपुर-२, चितवन |
| | | संचालक : श्री रामबहादुर भण्डारी आँपचौर-६ गुल्मी |
| | | संचालक : श्री गौतमप्रसाद खनाल का.म.न.पा.- १, नागार्जुन काठमाडौं |
| | | संचालक : श्री संजिव न्यौपाने का.म.न.पा.- ३१, बानेश्वर, काठमाडौं |
| | | संचालक : श्री विनित कुमार अग्रवाल सिद्धार्थनगर-५, रुपन्देही |
| ३. | सेन्ट्रल फाइनान्स लि.,कुपण्डोल, ललितपुर । | अध्यक्ष : श्री संजोजमान श्रेष्ठ, छाउनी, काठमाडौं |
| | | संचालक : श्री विश्वराम कवन, कमलविनायक, भक्तपुर |
| | | संचालक : श्री विष्णुप्रसाद किसी भक्तपुर |
| | | संचालक : श्री किशोर हाकुदुवाल, भक्तपुर |
| | | संचालक : श्री चण्डीका श्रेष्ठपुलचोक, ललितपुर |
| | | संचालक : श्री दशरथ रिसाल वाफल, काठमाडौं |
| ४. | सेन्चुरी कमर्सियल बैंक लि., पुतलीसडक, काठमाडौं (साविक ईन्नोभेटिभ डेभलपमेण्ट बैंक लि., बुटवल, रुपन्देही) | अध्यक्ष : श्री राजेशकुमार श्रेष्ठ, ललितपुर- झम्सिखेल |
| | | संचालक : श्री लक्ष्मणकुमार श्रेष्ठ, न्यूराड, पोखरा |
| | | संचालक : श्री उमाकुमारी श्रेष्ठ न्यूप्लाजा, पुतलिबजार, काठमाडौं |
| | | संचालक : श्री राजेश राज डाली सनराईज टावर, धोबिघाट, ललितपुर |
| | | संचालक : श्री महेश कुमार अग्रवाल ठमेल -१६ चाक्सीबारी मार्ग, काठमाडौं |
| | | संचालक : श्री सुनिल कुमार न्यौपाने कपन-३, काठमाडौं |
| | | संचालक : श्री अभिषेक बज्राचार्य धरान- ४, सुनसरी |
| ५. | सहयोगी विकास बैंक लिमिटेड, जनकपुर । | अध्यक्ष : श्री उदय कान्त झा, कुमारीपाटी, ललितपुर |
| | | संचालक : श्री जयहरी राज पाण्डे, पुरानो बानेश्वर, काठमाडौं |
| | | संचालक : श्री गिरीधारी शर्मा लाजिम्पाट, काटमाडौं |
| | | संचालक : श्री दिपेन्द्र कुमार यादव जनकपुर-८, धनुषा |
| | | संचालक : श्री डिल्ली प्रकाश घिमिरे ललितपुर, काठमाडौं |
| ६. | तिनाउ विकास बैंक लिमिटेड, बुटवल, रुपन्देही । | अध्यक्ष : श्री राजेन्द्र प्रसाद ओझा बुटवल-४, रुपन्देही |
| | | संचालक : श्री जीवनप्रसाद ओझा बुटवल-४, रुपन्देही |
| | | संचालक : श्री रामेश्वर प्रसाद कसजु बुटवल-४, रुपन्देही |
| | | संचालक : श्री अनिल प्रसाद श्रेष्ठ बुटवल-३, रुपन्देही |
| | | संचालक : श्री रविन्सन कश्यपति धर्मावती -१, प्युठान |
| | | संचालक : श्री सुमेन्द्र प्रसाद श्रेष्ठ बुटवल-१०, रुपन्देही |
| ७. | शाईन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेड, बुटवल, रुपन्देही । | अध्यक्ष : श्री राजेन्द्र प्रसाद श्रेष्ठ रेसुङ्गा-१, गुल्मी |
| | | संचालक : श्री भुवन भण्डारी बुटवल-१०, रुपन्देही |
| | | संचालक : श्री कृष्णप्रसाद भण्डारी रेसुङ्गा-१, गुल्मी |
| | | संचालक : श्री डा.तारा प्रसाद उपाध्याय (ज्ञवाली), बुटवल-६, रुपन्देही |
| | | संचालक : श्री मोहन चापागाईं तिलोत्तमा-३,, रुपन्देही |
| | | संचालक : श्री गोपाल प्रसाद पाण्डे बुटवल-१०, रुपन्देही |

**(ग) संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठन सँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :** सो नभएको ।

(घ) **संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

(क) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई वित्तीय संस्थाको शेयर कुनै विदेशी बैंक वा वित्तीय संस्थालाई बिक्री वा हस्तान्तरण गरिने छैन ।

(ख) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न पाईने छैन ।

(ग) वित्तीय संस्थाले कारोबार संचालन गरेको पाँच वर्ष नपुगेसम्म सो संस्थाको संस्थापकले आफ्नो शेयर बिक्री वा धितोबन्धक राख्न पाउने छैन र उक्त अवधिपछि त्यस्तो शेयर बिक्री गर्दा वा धितोबन्धक राख्नु पर्दा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ । यस व्यवस्था बमोजिम वित्तीय संस्थाले कारोबार संचालन गरेको पाँच वर्ष नपुगे तापनि वित्तीय संस्थाको संचालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हुन गएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापकहरुका बीचमा शेयर खरिद बिक्री गर्न सकिनेछ । तर, त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको शेयर हो सोही समूहका शेयरधनीहरूलाई दिनु पर्नेछ । समूह भित्र उपसमूह रहेको अवस्थामा जुन उपसमूहको शेयर हो सोही उपसमूहका शेयरधनीलाई प्राथमिकता दिइनेछ । यसरी शेयर बिक्री गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरीद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर संचालक समितिको निर्णय बमोजिम नेपाल राष्ट्र बैंकको स्वीकृति लिई अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिने छ ।

(घ) कुनै शेयरधनीको मृत्यु भएमा वा अदालतको आदेशले निजको शेयर हकवालामा नामसारी हुने भएमा खण्ड (ग) को बन्देज लागु हुने छैन ।

(ङ) वित्तीय संस्थाका संचालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहंदाको वखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्षसम्म लघुवित्त वित्तीय संस्था वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा लघुवित्त वित्तीय संस्थाको नाममा खरिद बिक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुँदैन । तर नयाँ शेयर जारी गरेको अवस्थामा यो प्रतिवन्ध लागु हुने छैन ।

(च) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था बैंक तथा वित्तीय संस्था ऐन, २०७३, कम्पनी ऐन, २०६३ र धितोपत्र कारोवार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

(छ) "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम (१०) को उपनियम (१) मा भएको ब्यबस्था अनुरुप धितोपत्र सार्वजनिक निष्काशन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन बर्षको अवधि पूरा नभई बिक्री गर्न पाइने छैन ।

(ख) **संस्थापक/संचालकसँगको कारोबार :**

(क) **संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेका वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति तथा मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा त्यस सम्बन्धी विवरण :**

वित्तीय संस्थाको संचालकहरुले संचालक समितिको बैठक भत्ता बाहेक अन्य कुनै पनि संस्थापक/संचालकले यस संस्थाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेका छैनन् र सो सम्बन्धमा वित्तीय संस्थाले संस्थापक तथा संचालकबाट कुनै सम्पत्ति वा सेवा समेत प्राप्त गरेको छैन् ।

(ख) **बुँदा (क) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** सो नभएको ।

६. **सीमित दायित्व सम्बन्धी विवरण :**

यो वित्तीय संस्था कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरवालाहरुको दायित्व सीमित छ । यस लघुवित्त वित्तीय संस्थाका शेयरवालाको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

७. **संगठित संस्थाको कर्मचारी सम्बन्धी विवरण :**

(क) **संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

(क) **संगठित संस्थाको उच्च ब्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।**

१. नाम : श्री लक्ष्मण घिमिरे (प्रमुख कार्यकारी अधिकृत)
योग्यता : एम.ए (अर्थशास्त्र)
नियुक्ति भएको मिति : २०७३/१२/०९

अनुभव :
१. कृषि विकास बैंक लि. मा लेखपाल #को रुपमा २०४२–२०४९ सम्म
२. कृषि विकास बैंक लि. मा कार्यालय सहायक #को रुपमा २०४९–२०५७ सम्म
३. कृषि विकास बैंक लि. मा शाखाअधिकृत ( Third Class Officer ) को रुपमा २०५७–२०६५ सम्म
४. कृषि विकास बैंक लि. मा शाखा प्रमुख (Second Class Officer)#को रुपमा २०६५–२०७२ सम्म
५. चौतारी लघुवित्त वित्तीय संस्था लि.मा प्रमुख कार्यकारी प्रमुख पदमाा २०७३/१२/०९ देखि हालसम्म
संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या : ६,००० कित्ता ।
अन्य सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी भए संगठित संस्थाको नाम र लगानी गरेको रकम नभएको ।

२. नाम : श्री हरिकृष्ण जोशी (नायब कार्यकारी अधिकृत)
योग्यता : स्नातकोत्तर ( ग्रामीण विकास )
नियुक्ति भएको मिति : २०७५/०१/०२
अनुभव :
१. छिमेक लघुवित्त विकास बैंक लि. मा ईकाई व्यवस्थापक को रुपमा २०६२–२०६६ सम्म
२. मुक्तिनाथ विकास बैंक लि.मा अधिकृत (शाखा प्रबन्धक) को रुपमा २०६७–२०६८ सम्म
३. मुक्तिनाथ विकास बैंक लि.मा अधिकृत (अनुगमन) को रुपमा २०६९–२०७० सम्म
४. मुक्तिनाथ विकास बैंक लि.मा अधिकृत (आन्तरिक लेखापरिक्षण) को रुपमा २०७१–२०७२ सम्म
५. मुक्तिनाथ विकास बैंक लि.मा बरिष्ठ अधिकृत (कर्जा प्रमुख)##को रुपमा २०७३–२०७४ सम्म
६. चौतारी लघुवित्त वित्तीय संस्था लि. मा नायब कार्यकारी अधिकृत पदमा २०७५/०१/०२ देखि हालसम्म ।
संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या : सो नभएको ।
अन्य सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी भए संगठित संस्थाको नाम र लगानी गरेको रकम नभएको ।

३. नाम : श्री ख्यामकान्त अर्याल (सहायक प्रबन्धक)
योग्यता : स्नातक
नियुक्ति भएको मिति : २०७४/०६/२२
अनुभव :
१. पश्चिमाञ्चल ग्रमीण विकास बैंक लि.मा फिल्ड सहायकको रुपमा २०६२/०२/१०–२०६४/०१/१५ सम्म
२. पश्चिमाञ्चल ग्रमीण विकास बैंक लि.मा बरिष्ठ सहायकको रुपमा २०६४/०१/१६–२०६७/०७/३० सम्म
३. गरिमा विकास बैंक लि. मा सहायक अधिकृतको रुपमा २०६७/०८/०१–२०७१/०२/३० सम्म
४. कालिका माईक्रोक्रेडिट डेभलपमेन्ट बैंक लि.मा अधिकृतको रुपमा २०७१/०३/०१–२०७४/०६/१८ सम्म
५. चौतारी लघुवित्त वित्तीय संस्था लि.मा सहायक प्रबन्धक पदमाा २०७४/०६/२२ देखि हालसम्म
संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या : सो नभएको ।
अन्य सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी भए संगठित संस्थाको नाम र लगानी गरेको रकम : नभएको ।

४.. नाम : श्री बिमल खनाल (सहायक प्रबन्धक)
योग्यता : स्नातकोत्तर (ग्रामीण विकास )
नियुक्ति भएको मिति : २०७४/१०/०८
अनुभव :
१. निर्धन उत्थान बैंक लि.मा २०५४/१०/१ – २०६१/११/१६ सम्म फिल्ड सहायक पदमा कार्यरत ।
२. निर्धन उत्थान बैंक लि.मा २०६१/११/१७ – २०६६/०३/२० सम्म बरिष्ठ सहायक पदमा कार्यरत ।
३. निर्धन उत्थान बैंक लि.मा २०६६/०३/२१ – २०७०/०५/०१ सम्म सुपरभाईजर पदमा कार्यरत ।
४. निर्धन उत्थान बैंक लि.मा २०७०/०५/२ – २०७४/१०/०५ सम्म सहायक ब्यबस्थापक पदमा कार्यरत ।
५. चौतारी लघुवित्त वित्तीय संस्था लि.मा सहायक प्रबन्धक पदमा २०७४/१०/०८ देखि हालसम्म

५.. नाम : श्री ज्ञानिश्वर पन्त (सहायक प्रबन्धक)
योग्यता : स्नातकोत्तर ( व्यवस्थापन )
नियुक्ति भएको मिति : २०७५/०३/०३
अनुभव :
१. जनउत्थान सामुदायिक लघुवित्त विकास बैंक लि.मा २०७०/०१/३० – २०७५/०३/०१ सम्म अधिकृत पदमा बिभिन्न विभागमा कार्यरत ।
२. चौतारी लघुवित्त वित्तीय संस्था लि.मा सहायक प्रबन्धक पदमा २०७५/०३/०३ देखि हालसम्म

संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या : सो नभएको ।
अन्य सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी भए संगठित संस्थाको नाम र लगानी गरेको रकम : नभएको ।

(ख) **विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ बर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने :**
सो नभएको ।

(ग) **कर्मचारीको संख्या : स्थायी, अस्थायी, करारा, ज्यालादरी र अन्य (हाल सम्मको) :**

| कुल कर्मचारी संख्या | स्थायी | अस्थायी | करार | ज्यालादारी | प्रशिक्षार्थी |
|---|---|---|---|---|---|
| २१९ | ११५ | – | ० | १७ | ८७ |

नोट : कर्मचारीहरुका लागि सुरक्षित गरिएको शेयर करार र ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई बाँडफाँट नगर्ने ब्यबस्था गरिएको छ ।

(ख) **संचालक एवं उच्च ब्यबस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

(क) **संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा :**
सञ्चालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोके अनुसार देहाय बमोजिम रहेको छ :

१. दैनिक कार्य संचालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष रुपमा संलग्न संचालकले मासिक पारिश्रमिक तलव रु.४५,०००/– र भत्ता रु.२०,०००/– गरी जम्मा रु.६५,०००/– प्रदान गरिनेछ ।
२. संचालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य संचालकले पाउने प्रति बैठक भत्ता रु.१,०००/– हुनेछ ।
३. वित्तीय संस्थाको कामको सिलसिलामा कार्यकारी प्रमुख वा संचालकहरु स्वदेशमा रात बिताउने गरी भ्रमण गर्नुपर्ने भएमा दैनिक भ्रमण भत्ता स्वरुप रु.२,५००/–भुक्तानी गरिनेछ र रात नबिताउने गरी भ्रमण गर्नुपर्ने भएमा आधा दिनको भ्रमण भत्ता प्रदान गरिनेछ । साथै परिवहन खर्च टिकट बमोजिमको बास्तविक खर्च भएको रकमको आधारमा भुक्तानी दिइनेछ ।

(ख) **संगठित संस्थाको उच्च ब्यबस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक बर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| सि.नं. | कर्मचारीको नाम | पद | पारिश्रमिक रकम (आ.ब.०७४/०७५) |
|---|---|---|---|
| १. | श्री लक्ष्मण घिमिरे | प्रमुख कार्यकारी अधिकृत | रु.१३,९४,८००/– |
| २. | श्री हरिकृष्ण जोशी | नयाब कार्यकारी अधिकृत | रु.२,४१,०१९/– |
| ३. | श्री रेशम न्यौपाने | सहायक प्रबन्धक | रु.२,१९,५०८/– |

(ग) **कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण** : सो नभएको।

८. **अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :**
अन्तनिर्हित जोखिम र सो को ब्यबस्थापनको लागि ब्यबस्थापनको धारणा निम्नानुसार रहेको छ ।

(क) **वित्तीय साधनको अभावबाट हुने जोखीम :**
१. कर्जा सापटी तथा कर्जा लगानीको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।
२. नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
३. वित्तीय श्रोतको अभाववाट लगानीको दायरा संकुचित हुनसक्ने जोखीमहरु ।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखीम** : सो नभएको ।

(ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**
१. नयाँ वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
२. वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।
३. निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखीम** : सो नभएको ।

(ङ) **विदेशी विनिमयको जोखिम** : सो नभएको ।

(च) **कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु** : सो नभएको ।

(छ) **क्षेत्रीयकरण र विश्वब्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**
१. अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
२. पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखीम:**
१. नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु।
२. देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।

(झ) **संचालन इतिहासको अभाव :**

यस वित्तीय संस्थाले आफ्नो कारोबार मिति २०७२ पौष १९ गतेदेखि संचालन गरेकोले वित्तीय संस्थाको संचालन इतिहास छोटो रहेकोछ ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखीमः**

प्रविधि सम्बन्धी परिवर्तनबाट वित्तीय संस्थाको संचालन तथा कारोबार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो। वित्तीय संस्थाले प्रयोग गर्ने सफ्टवेयरमा प्रविधिको परिवर्तनबाट आउन सक्ने जोखिम व्यवस्थापनको लागि तथ्याङ्कहरुको सुरक्षार्थ Data Backup मा बिशेष सतर्कता अपनाईएको छ र त्यसबाट जोखिमलाई न्यूनिकरण गर्न वित्तीय संस्था सक्षम रहेकोछ ।

(ट) **अन्य :**

१. देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
२. देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।**

वित्तीय संस्थाको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि वित्तीय संस्थाले कर्जा तथा लगानीको लागि जोखिम व्यहोर्ने कोषको व्यबस्था गरेको छ । त्यसैगरी ऋृण सुरक्षण कोषको व्यबस्था गरी कर्जा लगानीमा आउन सक्ने संभावित जोखिमलाई सुरक्षित तथा न्यूनिकरण गरिएको छ । वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको साथै क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जाखिमहरु न्यूनिकरण गर्नका लागि जनशक्ति बिकासमा ध्यान पुर्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहको छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली,समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने वित्तीय संस्थाको नीति रहेकोछ ।

**धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम :**

रु.१००/–प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबारमा उतार चढाव आउन सक्ने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

## ९. वित्तीय विवरण :

(क) **वित्तीय विवरण र तत्सम्बन्धमा ब्यवस्थापनको धारणा र विश्लेषण :**

(क) **संगठित संस्थाको लेखापरिक्षण भएको पछिल्लो आर्थिक बर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान हिसाव बाँडफाँट, नगद प्रवाह विवरण :**

वित्तीय संस्थाको आ.ब.२०७३/०७४ को लेखापरिक्षण भएको तथा साधारण सभाबाट पारित वासलात, नाफा नोक्सान हिसाव, नोफा नोक्सान बाँडफाँट हिसाब तथा नगद प्रवाहको विवरण निम्नानुसार छ :

**वासलात (आषाढ मसान्त, २०७४)**

| पूँजी तथा दायित्व | रकम (रु.हजारमा) |
|---|---|
| १. शेयर पूँजी | ११४,०३७ |
| २. जगेडा तथा कोषहरु | ४,६५९ |
| ३. ऋृणपत्र तथा बण्ड | – |
| ४. तिर्न बाँकी कर्जा सापट | २१२,१७२ |
| ५. निक्षेप दायित्व | ८९,२१४ |
| ६. प्रस्तावित नगद लाभाशं | – |
| ७. आयकर दायित्व | – |
| ८. अन्य दायित्व | ८,२८४ |
| **कुल पूँजी तथा दायित्व** | **४२८,३६६** |
| **सम्पत्ति** | **रकम (रु.हजारमा)** |
| १. नगद मौज्दात (सिक्का समेत) | ४१० |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ५० |
| ३. बैक/बित्तीय संस्थामा रहेको मौज्दात | २,५९७ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | ३७,६३९ |
| ५. लगानी | – |
| ६. कर्जा सापट | ३८१,२८३ |

| | |
|---|---|
| ७. स्थिर सम्पत्ति | ४,९९८ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - |
| ९. अन्य सम्पत्ति | १,३९० |
| **कुल सम्पत्ति** | **४२८,३६६** |

**नाफा नोक्सान हिसाव (श्रावण १, २०७३ देखि आषाढ मसान्त २०७४)**

| विवरण | वास्तविक (रु.हजारमा) |
|---|---|
| १. व्याज आम्दानी | ६४,३४३ |
| २. व्याज खर्च | ३७,६८६ |
| **खुद ब्याज आम्दानी** | **२६,६५७** |
| ३. कमिशन तथा अन्य सन्चालन आम्दानी | ६,५७५ |
| ४. सटही घटबढ आम्दानी | - |
| **कुल संचालन आम्दानी** | **३३,२३२** |
| ५. कर्मचारी खर्च | १३,२११ |
| ६. अन्य संचालन खर्च | ७,९०४ |
| ७. सटही घटबढ नोक्सान | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **१२,११७** |
| ८. सम्भावित नोक्सानी ब्यबस्थाहरु | २,९०८ |
| **संचालन मुनाफा** | **९,२०९** |
| ९.गैर संचालन आम्दानी/खर्च | - |
| १०.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **९,२०९** |
| ११.असामान्य कारोवारबाट भएको आम्दानी/खर्च | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **९,२०९** |
| १२.कर्मचारी बोनस व्यवस्था | ८३७ |
| १३.आयकर ब्यबस्था | २,६१२ |
| यस वर्ष कर ब्यबस्था | २,००४ |
| विगत वर्ष सम्मको कर ब्यबस्था | - |
| यस बर्षको स्थगन कर खर्च/आम्दानी | ६०८ |
| **खुद मुनाफा/नोक्सान** | **५,७६०** |

**नाफा नोक्सान बाँडफाँड हिसाव (श्रावण १, २०७३ देखि आषाढ मसान्त २०७४)**

| विवरण | रकम (रु.) |
|---|---|
| १. गत वर्षसम्मको संचित मुनाफा | - |
| २. यस वर्षको मुनाफा | ५,७६० |
| ३. सटही घटबढ कोष | - |
| **जम्मा** | **५,७६०** |
| १. गत वर्षसम्मको संचित नोक्सान | १,१०० |
| २. यस वर्षको नोक्सान | - |
| ३. साधरण जगेडा कोष | १,१५२ |
| ४. भैपरी आउने जगेडा कोष | - |
| ५. संस्था विकास कोष | - |
| ६. लाभांश समीकरण कोष | - |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरु | - |
| ८. प्रस्तावित लाभांश | - |
| ९. प्रस्तावित बोनस शेयर | - |
| १०. बिशेष जगेडा कोष | - |
| ११. सटही घटबढ कोष | - |
| १२. पूँजी फिर्ता जगेडा कोष | - |
| १३. पूँजी समायोजन कोष | - |

| | |
|---|---|
| १४. स्थगन कर जगेडा | - |
| १५. लगानी समायोजन कोष/(फिर्ता) | - |
| १६. ग्राहक संरक्षणकोष | ५८ |
| १७. संस्थागत सामाजिक उत्तरदायित्व कोष | ५८ |
| १८. गत बर्षको प्रस्तावित बोनस शेयर तथा लाभाशंबाट फिर्ता | - |
| १९. कर्मचारीहरुको दक्षता अभिबृद्धि कोष | - |
| **जम्मा** | **२,३६८** |
| **सञ्चित मुनाफा/(नोक्सान)** | **३,३९२** |

**नगद प्रवाह विवरण (श्रावण १, २०७३ देखि आषाढ मसान्त २०७४)**

| विवरण | रकम (रु.) |
|---|---|
| **क) कारोबार सञ्चालनबाट नगद प्रवाह** | |
| **१. नगद प्राप्ति** | **७०,९१८** |
| १.१ ब्याज आम्दानी | ६४,३४३ |
| १.२ अपलेखित कर्जाको असूली | - |
| १.३ कमिशन तथा अन्य आम्दानी | ६,५७५ |
| **२. नगद भुक्तानी** | **५७,४१४** |
| २.१. ब्याज खर्च | ३७,६८७ |
| २.२. कर्मचारी खर्च | १३,२११ |
| २.३. कार्यालय संचालन खर्च | ६,५१६ |
| २.४. आयकर भुक्तानी | - |
| २.५ अन्य खर्च | - |
| **कार्यगत पूँजी गतिविधि अधिको नगद प्रवाह** | **१३,५०४** |
| सञ्चालन सम्बन्धि चालु सम्पतिमा कमी/(बृद्धि) | (२६९,२५६) |
| १. माग तथा अल्प सुचनामा प्राप्त हुने रकममा कमी/(बृद्धि) | (२,५९०) |
| २. अन्य अल्पकालीन लगानीमा कमी/(बृद्धि) | - |
| ३. कर्जामा कमी/(बृद्धि) | (२६६,३४४) |
| ४. अन्य सम्पत्तिमा कमी/(बृद्धि) | (३२२) |
| **सञ्चालन सम्बन्धि चालु दायित्वमा (कमी)/बृद्धि** | **१६८,९६७** |
| १. निक्षेप दायित्वमा (कमी)/बृद्धि | ७२,५७९ |
| २. अल्पकालीन सापटीमा (कमी)/बृद्धि | ९३,८३९ |
| ३. अन्य दायित्वमा (कमी)/बृद्धि | २,५४९ |
| **कारोबार संचालनबाट भएको कुल नगद प्रवाह** | **(८६,७८५)** |
| **ख) लगानी कारोबारमा नगद प्रवाह** | **(३,३१२)** |
| १. दीर्घकालीन लगानीमा कमी/(बृद्धि) | - |
| २. स्थिर सम्पतिमा कमी/(बृद्धि) | (३,३१२) |
| ३. दीर्घकालीन लगानीमा ब्याज आम्दानी | - |
| ४. लाभाशं आम्दानी | - |
| ५. अन्य | - |
| **ग) वित्तीय श्रोत कारोबारबाट नगद प्रवाह** | **९३,०३७** |
| १. दीर्घकालीन ऋण (बण्ड, डिबेञ्चर आदि) मा (कमी)/बृद्धि | - |
| २. शेयर पूँजीमा (कमी)/बृद्धि | ९३,०३७ |
| ३. अन्य दायित्वमा बृद्धि/(कमी) | - |
| ४. नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पुनरकर्जामा (कमी)/बृद्धि | - |
| ५. लाभांश भुक्तानी | - |
| **घ) नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च** | **-** |
| **ङ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क + ख + ग + घ)** | **२,९४०** |
| **च) नगद तथा बैंकमा रहेको शुरुको मौज्दात** | **११७** |
| **छ) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **३,०५७** |

(ख) **सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरिक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) :**

वित्तीय संस्थाले आफ्नो कारोबार मिति २०७२/९/१९ गतेदेखि प्रारम्भ गरेको हो । वित्तीय संस्थाको विगत बर्षहरुको लेखापरिक्षकबाट प्रमाणित वासलात र नाफा नोक्सान हिसावको विवरण देहाय बमोजिम रहेको छ :

**वासलात**

| पूँजी तथा दायित्व | वास्तविक (रु.हजारमा) | |
|---|---|---|
| | आ.ब.०७२/०७३ | आ.ब.०७३/०७४ |
| १. शेयर पूँजी | २१,००० | ११४,०३७ |
| २. जगेडा तथा कोषहरु | (१,१००) | ४,६५९ |
| ३. ऋणपत्र तथा बण्ड | - | - |
| ४. तिर्न बाँकी कर्जा सापट | ११८,३३२ | २१२,१७२ |
| ५. निक्षेप दायित्व | १६,६३६ | ८९,२१४ |
| ६. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | - | - |
| ७. आयकर दायित्व | - | - |
| ८. अन्य दायित्व | २,२८६ | ८,२८४ |
| **कुल पूँजी तथा दायित्व** | **१५७,१५४** | **४२८,३६६** |
| **सम्पत्ति** | **आ.ब.०७२/०७३** | **आ.ब.०७३/०७४** |
| १. नगद मौज्दात (सिक्का समेत) | २३ | ४१० |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - | ५० |
| ३. बैक/बित्तीय संस्थामा रहेको मौज्दात | ९४ | २,५९७ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | ३५,०४९ | ३७,६३९ |
| ५. लगानी | - | - |
| ६. कर्जा सापट | ११७,८४८ | ३८१,२८३ |
| ७. स्थिर सम्पत्ति | ३,०७३ | ४,९९८ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - | - |
| ९. अन्य सम्पत्ति | १,०६८ | १,३९० |
| **कुल सम्पत्ति** | **१५७,१५४** | **४२८,३६६** |

**नाफा नोक्सान हिसाव**

| विवरण | वास्तविक (रु.हजारमा) | |
|---|---|---|
| | आ.ब.०७२/०७३ | आ.ब.०७३/०७४ |
| १. व्याज आम्दानी | ४,५२५ | ६४,३४३ |
| २. व्याज खर्च | १,३४२ | ३७,६८६ |
| **खुद ब्याज आम्दानी** | **३,१८३** | **२६,६५७** |
| ३. कमिशन तथा अन्य सन्चालन आम्दानी | १,६३३ | ६,५७५ |
| ४. सटही घटबढ आम्दानी | - | - |
| **कुल संचालन आम्दानी** | **४,८१६** | **३३,२३२** |
| ५. कर्मचारी खर्च | २,७१३ | १३,२११ |
| ६. अन्य संचालन खर्च | २,६२७ | ७,९०४ |
| ७. सटही घटबढ नोक्सान | - | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **(५२५)** | **१२,११७** |
| ८. सम्भावित नोक्सानी ब्यबस्थाहरु | १,१९० | २,९०८ |
| **संचालन मुनाफा/(नोक्सान)** | **(१,७१५)** | **९,२०९** |
| ९.गैर संचालन आम्दानी/खर्च | - | - |
| १०.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | - | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **(१,७१५)** | **९,२०९** |
| ११.असामान्य कारोवारहरुबाट भएको आम्दानी/खर्च | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **(१,७१५)** | **९,२०९** |
| १२.कर्मचारी बोनस व्यवस्था | - | ८३७ |

| | | |
|---|---:|---:|
| १३.आयकर ब्यबस्था | *(६१५)* | *२,६१२* |
| यस वर्षको कर ब्यबस्था | - | २,००४ |
| गत वर्षको कर ब्यबस्था | - | - |
| यस बर्षको स्थगन कर खर्च/(आम्दानी) | ६१५ | (६०८) |
| **खुद नाफा/नोक्सान** | (१,१००) | **५,७६०** |

(ग) **आर्थिक बर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतीको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षक बाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण :**

वित्तीय संस्थाको २०७४ श्रावण १ गते देखि २०७५ आषाढ मसान्तसम्मको लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरणहरु देहाय बमोजिम रहेको छ :

**वासलात**

| पूँजी तथा दायित्व | रकम (रु.हजारमा) |
|---|---:|
| १. शेयर पूँजी | १२६,००० |
| २. जगेडा तथा कोषहरु | १४,९२८ |
| ३. ऋणपत्र तथा बण्ड | - |
| ४. तिर्न बाँकी कर्जा सापट | ४४३,४८९ |
| ५. निक्षेप दायित्व | २२३,४६१ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | - |
| ७. आयकर दायित्व | - |
| ८. अन्य दायित्व | १९,४०७ |
| **कुल पूँजी तथा दायित्व** | **८२७,२८५** |
| **सम्पत्ति** | **रकम (रु.हजारमा)** |
| १. नगद मौज्दात (सिक्का समेत) | ३६५ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ५० |
| ३. बैक/वित्तीय संस्थामा रहेको मौज्दात | ३८,६९४ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - |
| ५. लगानी | १,००० |
| ६. कर्जा सापट | ७७५,५३६ |
| ७. स्थिर सम्पत्ति | ८,२६० |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - |
| ९. अन्य सम्पत्ति | ३,३७९ |
| **कुल सम्पत्ति** | **८२७,२८५** |

**नाफा नोक्सान हिसाव (२०७४ श्रावण १ देखि २०७५ आषाढ सम्मको)**

| विवरण | रकम (रु.हजारमा) |
|---|---:|
| १. व्याज आम्दानी | ९२,३०२ |
| २. व्याज खर्च | ४०,८४८ |
| **खुद ब्याज आम्दानी** | **५१,४५४** |
| ३. कमिशन तथा अन्य सञ्चालन आम्दानी | २०,१२५ |
| ४. सटही घटबढ आम्दानी | - |
| **कुल संचालन आम्दानी** | **७१,५७९** |
| ५. कर्मचारी खर्च | ३५,४५९ |
| ६. अन्य संचालन खर्च | १४,३२९ |
| ७. सटही घटबढ नोक्सान | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **२१,७९२** |
| ८. सम्भावित नोक्सानी ब्यबस्थाहरु | ५,६५५ |
| **संचालन मुनाफा** | **१६,१३७** |
| ९.गैर संचालन आम्दानी/खर्च | - |
| १०.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **१६,१३७** |

| | |
|---|---|
| ११.असामान्य कारोवारबाट भएको आम्दानी/खर्च | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **१६,१३७** |
| १२.कर्मचारी बोनस व्यवस्था | १,४६७ |
| १३.आयकर ब्यबस्था | ४,४०१ |
| यस वर्षको कर ब्यबस्था | ४,४०१ |
| गत वर्ष सम्मको कर ब्यबस्था | - |
| यस बर्षको स्थगन कर खर्च /(आम्दानी) | - |
| **खुद नाफा/नोक्सान** | **१०,२६९** |

(घ) **आम्दानी र खर्चको हिसावमा कुनै शिर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :**
सो नभएको ।

(ङ) **पछिल्लो वित्तीय विवरणको लेखापरिक्षण भए पश्चात संगठित संस्थाको कारोबारमा, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको घारणा :**
सो नभएको ।

(च) **आर्थिक बर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, विवरणपत्र पेश गरेको मितिबाट स्वीकृती हुने मिति सम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नु पर्ने :**
सो नभएको ।

(छ) **विगत ५ बर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण, (आ) सम्पत्तिको पूनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य, (ई) पूनर्मूल्यांकनको औचित्य :**
सो नभएको ।

(ज) **आगामी तीन बर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :**
वित्तीय संस्थाको आगामी ३ आर्थिक बर्षका लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

**वासलात**

| पूँजी तथा दायित्व | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.ब.०७५/०७६ | आ.ब.०७६/०७७ | आ.ब.०७७/०७८ |
| १. शेयर पूँजी | १८६,००० | १८६,००० | १८६,००० |
| २. जगेडा तथा कोषहरु | ५२,२९३ | ९९,१७६ | १५७,११९ |
| ३. ऋणपत्र तथा बण्ड | - | - | - |
| ४. तिर्न बाँकी कर्जा सापट | ५१०,०१२ | ५७१,२१३ | ६२८,३३५ |
| ५. निक्षेप दायित्व | ३३५,१९२ | ४६९,२६८ | ६२८,६०२ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | - | - | - |
| ७. आयकर दायित्व | - | - | - |
| ८. अन्य दायित्व | २६,२०० | ३०,१३० | ३४,६४९ |
| **कुल पूँजी तथा दायित्व** | **१,१०९,६९६** | **१,३५५,७८७** | **१,६३४,७०५** |
| **सम्पत्ति** | **आ.ब.०७५/०७६** | **आ.ब.०७६/०७७** | **आ.ब.०७७/०७८** |
| १. नगद मौज्दात (सिक्का समेत) | ६,७१५ | ७,६६६ | ९,३१४ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ५५ | ६६ | ८६ |
| ३. बैक/वित्तीय संस्थामा रहेको मौज्दात | ४९,५२९ | ५९,४३५ | ७१,३२२ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - | - | - |
| ५. लगानी | १,००० | १,००० | १,००० |
| ६. कर्जा सापट | १,००७,७४५ | १,२२९,१३९ | १,४७४,६७९ |
| ७. स्थिर सम्पत्ति | १०,५१० | ११,६२१ | ११,८५४ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - | - | - |
| ९. अन्य सम्पत्ति | ३४,१४२ | ४६,८६० | ६६,४५० |
| **कुल सम्पत्ति** | **१,१०९,६९६** | **१,३५५,७८७** | **१,६३४,७०५** |

### नाफा नोक्सान हिसाव

| विवरण | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|
| | आ.ब.०७५/०७६ | आ.ब.०७६/०७७ | आ.ब.०७७/०७८ |
| १. व्याज आम्दानी | १५८,२६६ | १९८,५२३ | २३९,९६४ |
| २. व्याज खर्च | ६४,४१४ | ८३,५६९ | ९९,७७५ |
| **खुद ब्याज आम्दानी** | **९३,८५२** | **११४,९५५** | **१४०,१८९** |
| ३. कमिशन तथा अन्य सञ्चालन आम्दानी | २६,२४८ | ३२,००६ | ३८,४०७ |
| ४. सटही घटबढ आम्दानी | - | - | - |
| **कुल संचालन आम्दानी** | **१२०,१००** | **१४६,९६०** | **१७८,५९५** |
| ५. कर्मचारी खर्च | ४२,५५१ | ५१,०६१ | ६१,२७३ |
| ६. अन्य संचालन खर्च | १६,३९२ | २०,०८२ | २३,७३६ |
| ७. सटही घटबढ नोक्सान | - | - | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **६१,१५७** | **७५,८१८** | **९३,५८६** |
| ८. सम्भावित नोक्सानी ब्यबस्थाहरु | २,४४२ | २,२३५ | २,५५४ |
| **संचालन मुनाफा** | **५८,७१६** | **७३,५८२** | **९१,०३३** |
| ९.गैर संचालन आम्दानी/खर्च | - | - | - |
| १०.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | - | ९१ | २१ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **५८,७१६** | **७३,६७३** | **९१,०५४** |
| ११.असामान्य कारोवारबाट भएको आम्दानी/खर्च | - | - | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **५८,७१६** | **७३,६७३** | **९१,०५४** |
| १२.कर्मचारी बोनस व्यवस्था | ५,३३८ | ६,६९८ | ८,२७८ |
| १३.आयकर ब्यबस्था | *१६,०१३* | *२०,०९३* | *२४,८३३* |
| यस वर्षको कर ब्यबस्था | १६,०१३ | २०,०९३ | २४,८३३ |
| गत वर्ष सम्मको कर ब्यबस्था | - | - | - |
| यस बर्षको स्थगन कर खर्च /(आम्दानी) | - | - | - |
| **खुद नाफा/नोक्सान** | **३७,३६५** | **४६,८८३** | **५७,९४३** |

| वित्तीय प्रक्षेपणका आधार तथा तरिका : | | | |
|---|---|---|---|
| **विवरण** | **आ.ब.०७५/०७६** | **आ.ब.०७६/०७७** | **आ.ब.०७७/०७८** |
| १. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा) | ५०.००% | ४०.००% | ३३.९५% |
| २. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा) | २९.९४% | २१.९७% | १९.९८% |
| ३. कुल कर्जा तथा निक्षेप+पूँजिकोष अनुपात (प्रतिशतमा) | ९४.१३% | ९३.८१% | ९३.२३% |
| ४. कुल आयमा औषत बृद्धिदर | ६४.१२% | २४.९४% | २०.७५% |
| ५. कुल खर्चमा औषत बृद्धिदर | ३०.६४% | २४.७६% | १९.३६% |
| ६. संचालन खर्च तथा कुल आम्दानी अनुपात | ३२% | ३१% | ३१% |
| ७. खुद मुनाफामा औषत बृद्धिदर | २६३.८७% | २५.४७% | २३.५९% |
| ८. निक्षेपको औषत ब्याजदर (प्रतिशतमा) | ६.७५% | ७.००% | ७.२५% |
| ९. कर्जा तथा सापटको औषत ब्याजदर (प्रतिशतमा) | १७.७५% | १७.७५% | १७.७५% |
| १०.आयकर ब्यवस्था (प्रतिशतमा) | ३०.००% | ३०.००% | ३०.००% |
| निस्क्रिय कर्जा सापट (प्रतिशतमा) | ०.३९% | ०.३२% | ०.२८% |
| अन्य संचालन खर्चका बृद्धिदर | १४.४०% | २२.५१% | १८.२०% |
| कर्मचारी खर्चमा बृद्धिदर | २०.००% | २०.००% | २०.००% |
| तरलता (CRR) | ६७.३२% | २३.५४% | २१.३६% |
| बैधानिक तरलता (SLR) | १६.८०% | १४.३१% | १२.८४% |
| पूँजीकोष पर्याप्तता (CAR) | २३.४२% | २२.९३% | २२.८८% |

**माथि उल्लेखित वित्तीय प्रक्षेपणका आधारको औचित्य पुष्टी हुने विवरणहरु :**

१. **कर्जा तथा सापट :**

संस्थाको आ.ब.२०७२/०७३ को आषाढ मासन्तबाट आ.ब.२०७३/०७४ को आषाढ मसान्त सम्ममा असल कर्जामा करिब २२४ प्रतिशतको बृद्धि भएको तथा संस्थाको आ.ब.२०७४/०७५ को आषाढ मसान्त सम्ममा करिब १०४ प्रतिशतको बृद्धि भएको र संस्थाको ब्यबस्थापनले गर्ने योजना अनुसार आ.ब.२०७५/०७६, २०७६/०७७ र २०७७/०७८ मा क्रमश: ३०, २२ र २० प्रतिशतले कुल कर्जा बृद्धि हुने प्रक्षेपण गरिएको छ ।

कर्जा तथा सापटमा प्राप्त हुने औसत ब्याज दर आ.ब.२०७५/०७६, २०७६/०७७ र २०७७/०७८ को लागि क्रमश: १७.७५, १७.७५ र १७.७५ प्रतिशत हुने अनुमान गरिएको छ ।

कर्जा तथा सापटको निक्षेप र प्राथमिक पुंजीको अनुपात (CD Ratio) नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी कर्जा तथा सापट प्रक्षेपण गरिएको छ । जस अनुरुप आ.ब.२०७५/०७६, २०७६/०७७ र २०७७/०७८ को लागि क्रमश: ९४.१३, ९३.८१ र ९३.२३ प्रतिशत हुने प्रक्षेपण गरिएको छ ।

कर्जा नोक्सानी व्यवस्था आ.ब.२०७५/०७६, २०७६/०७७ र २०७७/०७८ को लागि कुल कर्जा तथा सापटको क्रमश: १.२०, १.१६ र १.१४ प्रतिशत कायम रहने अनुमान गरिएको छ ।

२. **निक्षेप :**

संस्थाको आ.ब.२०७२/०७३ को आषाढ मसान्तबाट आ.ब.२०७३/०७४ को आषाढ मसान्त सम्ममा जम्मा निक्षेपमा लगभग ४३६.२७ प्रतिशतको बृद्धि भएको तथा संस्थाको आ.ब.२०७४/०७५ को आषाढ मसान्त सम्ममा १५०.४८ प्रतिशतले बृद्धि भएको र संस्थाको ब्यबस्थापनले गर्ने योजना अनुसार आ.ब.२०७५/०७६, २०७६/०७७ र र २०७७/०७८ मा क्रमश: ५०, ४० र ३३.९५ प्रतिशतले कुल निक्षेप बृद्धि हुने प्रक्षेपण गरिएको छ ।

निक्षेप दायित्वमा तिर्नुपर्ने औसत व्याजदर आ.ब.२०७५/०७६, २०७६/०७७ र र २०७७/०७८ को लागि क्रमश: ६.७५, ७.०० र ७.२५ प्रतिशत कायम रहने अनुमान गरिएको छ ।

३. **तरलता:**

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) आ.ब.२०७५/०७६, २०७६/०७७ र र २०७७/०७८ को लागि क्रमश: १६.८०, १४.३१ र १२.८४ प्रतिशत कायम हुने गरी लगानी प्रक्षेपण गरिएको छ ।
नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको अनिवार्य मौज्दात (Cash Reserve Requirement) आ.ब.२०७५/०७६, २०७६/०७७ र २०७७/०७८ को लागि क्रमश: ७.६५, ५.२७ र ७.७३ प्रतिशत कायम हुने गरी लगानी प्रक्षेपण गरिएको छ ।

४. संचालन नाफाको १० प्रतिशत रकम कर्मचारी बोनस व्यवस्थाको लागि छुट्टयाएको छ ।
५. आउँदो वर्षहरुको लागि वित्तीय संस्थाले आर्जन गर्ने नाफामा ३० प्रतिशतको दरले आयकरको लागि व्यवस्था गरिएको छ ।
६. गत वर्षहरुको वास्तविक आँकडा तथा आउँदो वर्षको संचालन योजनाको आधारमा वित्तीय संस्थाको व्यवस्थापनद्वारा वित्तीय विवरण प्रक्षेपण गरिएको हो ।
७. पूँजी पर्याप्तता (Capital Adequacy) को मात्रा नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी प्रक्षेपण गरिएको छ । जस अनुरुप पूँजीकोषको अनुपात आ.ब.२०७५/०७६, २०७६/०७७ र २०७७/०७८ को लागि क्रमश: २३.४२, २२.९३ र २२.८८ प्रतिशत र प्राथमिक पूँजीको अनुपात आ.ब.२०७५/०७६, २०७६/०७७ र २०७७/०७८ को लागि क्रमश: २२.४७, २१.९८ र २१.९३ प्रतिशत हुने गरी प्रक्षेपण गरिएको छ ।

**(ख) वित्तीय अनुपात सम्बन्धी विवरण :**

(क) सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी ३ बर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ | आ.ब. ०७७/०७८ |
| प्रति शेयर आम्दानी (रु.) | (५.२४) | २७.४३ | ८.१५ | २०.०९ | २५.२१ | ३१.१५ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९३.१७ | १२०.९९ | १११.७२ | १२८.०७ | १५३.३२ | १८४.४७ |

(ख) विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल :

| विवरण | वास्तविक (रु.हजारमा) | | | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ | आ.ब. ०७७/०७८ |
| चुक्ता पुंजी | २१,००० | २१,००० | १२६,००० | १८६,००० | १८६,००० | १८६,००० |
| जगेडा तथा कोषहरु | (१,१००) | ४,६५९ | १४,९२८ | ५२,२९३ | ९९,१७६ | १५७,११९ |
| **कुल** | **१९,९००** | **२५,६५९** | **१४०,९२८** | **२३८,२९३** | **२८५,१७६** | **३४३,११९** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| घटाउने :अपलेखन गर्न बाँकी खर्च | ३३४ | २५१ | १६७ | ८४ | – | – |
| **कुल नेटवर्थ** | **१९,५६५** | **२५,४०९** | **१४०,७६१** | **२३८,२०९** | **२८५,१७६** | **३४३,११९** |
| शेयर संख्या (हजारमा) | २१० | २१० | १,२६० | १,८६० | १,८६० | १,८६० |
| प्रति शेयर नेटवर्थ (रु.) | ९३.१७ | १२०.९९ | १११.७२ | १२८.०७ | १५३.३२ | १८४.४७ |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल | –५.६२% | २२.६७% | ७.३०% | १५.६९% | १६.४४% | १६.८९% |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी **(EPS)** कायम राख्न आवश्यक न्यूनतम प्रतिफल | | | | **२६.७९%** | | |

माथि उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता लघुवित्त वित्तीय संस्थाको हालको दक्षता र निष्काशनकर्ता लघुवित्त वित्तीय संस्थाले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी आर.के.एस. एण्ड एसोसिएट्सका चार्टर्ड एकाउण्टेण्ट श्री रोजश कुमार शाह द्धारा प्रमाणित गरेको हो ।

**१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**(क) धितोपत्र जारी गर्नुको उद्देश्य :**

अ) वित्तीय संस्थाको जारी पूँजी रु.१८ करोड ६० लाख मध्ये प्रबन्धपत्रमा व्यवस्था भए अनुरुप जारी पूँजीको ३२.२६% शेयर सर्वसाधारणमा बिक्री गर्नु पर्ने भएको कारण जारी पूंजीको ३२.२६% अर्थात रु.६,००,००,०००/– रकम बराबरको प्रति शेयर रु.१००/–दरको ६,००,००० कित्ता साधारण शेयरहरु सर्वसाधारणहरुमा बिक्री वितरण गरी वित्तीय संस्थाको सञ्चालनमा सर्वसाधारणहरुलाई समेत संलग्न गराउन ।

आ)वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न ।

इ) वित्तीय संस्थाले आफ्नो सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।

**(ख) धितोपत्र निष्काशन गरी प्राप्त पूँजीको उपयोग :**

**(क) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिने छ, तत्सम्बन्धी विवरण :**

साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली र अन्य प्रचलित कानून बमोजिम “घ” वर्गको वित्तीय संस्थाले गर्न पाउने कार्यको अधिनमा रही वित्त वित्तीय संस्थाको व्यवसायिक प्रयोजनमा उपयोग गरिनेछ । साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी वित्तीय संस्थाको नियमित लघुवित्त कारोबार एवं आर्थिक कारोवारहरु विस्तार एवं बृद्धि गर्न उपयोग गरिनेछ, जुन देहाय अनुसार उल्लेख गरिएको छ ।

| **क्र.सं.** | **कर्जा प्रवाह गरीने क्षेत्रहरु** | **करिब रकम रु.** |
|---|---|---|
| १ | पशुपालन तथा कृषि कर्जा | रु.२,६०,०००,०००/– |
| २ | खुद्रा ब्यापार र सेवा कर्जा | रु.२,००,००,०००/– |
| ३ | साना तथा घरेलु कर्जा | रु.१,४०,००,०००/– |
| | **जम्मा** | **रु.६,००,००,०००/–** |

**(ख) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ति गर्नको लागि अपानाइने बैकल्पिक ब्यबस्था :**

लघुवित्त वित्तीय संस्थाहरुको शेयर निष्काशन गर्दा निष्काशित शेयर भन्दा अधिक मात्रामा आवेदन प्राप्त हुने गरेको देखिएकोले यस वित्तीय संस्थाको निष्काशित शेयरहरु पनि पूर्ण रुपमा बिक्री हुने धाराण वित्तीय संस्थाको रहेको छ । कथंकदाचित निष्काशन गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा, सिद्धार्थ क्यापिटल लि. नारायणचौर, नक्साल, काठमाण्डौंले निष्काशन रकमको ५० प्रतिशत शेयर खरिद गर्ने प्रत्याभूति सम्झौता गरिएको छ ।

**(ग) आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने :**

सो नभएको ।

**(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मिति उल्लेख गर्नु पर्ने :**

सो नभएको ।

**(ङ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य मुख्य बूँदाहरु :**

सो नभएको ।

(च) **कुनै पार्टीसँग प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण :**
सो नभएको ।

(छ) **उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत बर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :**
सो नभएको।

(ज) **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :**
सो नभएको ।

(झ) **आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :**
सो नभएको ।

(ञ) **सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्क सम्बन्धी विवरण :**

(अ) **निष्काशन तथा बिक्री प्रबन्धक :**
यस विवरणपत्र मार्फत सार्वजनिक रुपले सर्वसाधारणलाई बिक्री गरिने साधारण शेयरको निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा कार्य गर्न एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंलाई सेवा शुल्क बापत रु.१,००,०००/–(अक्षरुपी एक लाख रुपैंया मात्र) भुक्तानी दिइनेछ ।

(आ) **ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा)** :
सो नभएको ।

(इ) **प्रत्याभूतिकर्ता :**
प्रत्याभूतिकर्ता सिद्धार्थ क्यापिटल लि.,नारायणचौर, नक्साल, काठमाण्डौंलाई प्रत्याभुति सेवा प्रदान गरेका बापत रु.१,५०,०००/– (अक्षरुपी एक लाख पचास हजार रुपैंया मात्र) भुक्तानी दिईनेछ ।

(ई) **विज्ञहरु** :
सो नभएको

(उ) **लेखापरिक्षक :**
वित्तीय संस्थाको आ.ब.०७३/०७४ को लेखापरिक्षण सम्बन्धी कार्य एनबिएसएम एण्ड एसोसिएट्सका चार्टर्ड एकाउन्टेण्ट श्री दुर्गा प्रसाद ज्ञवालीले गर्नु भएको हो । उक्त लेखापरिक्षणको कार्य गर्नका लागि सेवा शुल्क बापत रु.१,००,०००/–(अक्षरुपी एक लाख रुपैंया मात्र) प्रदान गरेको छ ।

(ऊ) **अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि) :**
नेपाल धितोपत्र बोर्डबाट २०७४/११/११ गतेदेखि सि–आस्वा प्रणाली कार्यान्वयन भईसकेको सन्दर्भमा नेपाल धितोपत्र बार्डबाट स्वीकृत प्राप्त सि–आस्वा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयहरु यस निष्काशनको लागि संकलन केन्द्रको रुपमा रहनेछन् । सि–आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई कुनै शुल्क भुक्तानी गर्नु नपर्ने र निजहरुले नेपाल धितोपत्र बोर्डले तोके बमोजिमको शुल्क निष्काशन तथा बिक्री प्रबन्धकलाई भुक्तानी गर्नेछन् । सि–आस्वा प्रणाली कार्यान्वयन भएको सन्दर्भमा निष्काशन बैंकको आवश्यकता नहुने भएता पनि आवश्यकता अनुसार निष्काशन बैंक खोल्न सकिनेछ र सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई अग्रिम रुपमा गराइनेछ ।

(ग) **सार्वजनिक निष्काशनबाट प्राप्त हुने रकमलाई परियोजनामा प्रयोग गर्नु पूर्व अन्य कुनै ब्यबस्था गर्न लागिएको छ भने तत् सम्बन्धि विवरण** : सो नभएको ।

(घ) **प्रिमियममा धितोपत्र जारी गर्ने भएमा** : सो नभएको ।

(ङ) **धितोपत्र बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचिकरण सम्बन्धि ब्यवस्था :**

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :**
यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागी दरखास्त प्राप्त हुन आएमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको ब्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ । यदि निष्काशन गरिएको शेयरको संख्या भन्दा कम संख्यामा साधारण शेयर खरिदका लागि दरखास्त प्राप्त हुन आएमा माग बमोजिम शेयर बाँडफाँट गरी बाँकी रहेको शेयर प्रत्याभुतिकर्ताले प्रत्याभुति सम्बन्धी सम्झौतामा भएको ब्यवस्था अनुसार खरिद गर्नेछ ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :**
शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोवपत्र बोर्डले तोकेको समयावधि भित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरी "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका,२०७३" को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थालाई उपलब्ध गराइनेछ र सोही विवरण अनुरुप आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँटमा नपरेको शेयर बापतको रकम सम्बन्धित आवेदकको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ ।

**(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर:**

"धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा यो ब्यबस्था लागु नहुने ।

**(घ) धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :**

यस विवरणपत्र मार्फत सार्वजनिक निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" बमोजिम साधारण शेयरको बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लि. मा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा दर्ता भए पश्चात आवेदन फारममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँटमा परेका शेयर जम्मा/वितरण गर्ने ब्यबस्था मिलाइनेछ ।

**(ङ) धितोपत्र सूचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धि विवरण :**

सो नभएको ।

**(च) धितोपत्र सूचिकरण भैइसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा बिनिमय हुन सक्ने गराउनको लागि गरिने ब्यबस्था सम्बन्धी विवरण :**

सार्वजनिक निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" बमोजिम साधारण शेयरको बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा सूचिकरण र दर्ता गराई शेयर खरिद बिक्री तथा राफसाफको लाग आवश्यक ब्यबस्था मिलाइनेछ ।

**(च) प्रत्याभूति सम्बन्धी विवरण :**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको ५० प्रतिशतले हुने ३,००,००० कित्ता साधारण शेयरको लागि रु.३,००,००,०००/–रकम बराबरको सिद्धार्थ क्यापिटल लि., नारायणचौर, नक्साल, काठमाण्डौंद्धारा प्रत्याभुति सेवा प्रदान गरिएको छ ।

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु :**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभुतिकर्ता सँग गरिएको सम्झौताको मुख्य मुख्य बुँदाहरु देहाय बमोजिम रहेको छ :

१. प्रत्याभुतिकर्ताले ३,००,००० कित्ता साधारण शेयरहरुको लागि प्रत्याभुति सेवा प्रदान गरेको छ ।
२. प्रत्याभुतिकर्तालाई प्रत्याभुति सेवा प्रदान गरे बापत वित्तीय संस्थाले रु.१,५०,०००/– भुक्तानी दिइनेछ ।
३. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरुमा प्रत्याभुतिकर्ताको दायित्व प्रत्याभुतित कित्ता शेयरहरुमा मात्र सिमित हुनेछ ।
४. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा माथि उल्लेखित प्रत्याभुतित कित्ता शेयरहरुमा सिमित हुने गरी प्रत्याभुतिकर्ताले खरिद गर्ने सहमति जनाएको छ ।
५. प्रत्याभुति सम्झौतापत्रको अवधि प्रत्याभुतिकर्ताको दायित्व समाप्त नभए सम्म हुनेछ ।
६. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री भएको खण्डमा सम्झौतापत्र स्वतः खारेज हुनेछ ।
७. प्रत्याभुति सम्बन्धि अन्य व्यवस्थाहरु प्रचलित कानून तथा प्रत्याभुति सम्बन्धी सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**(छ) आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

धितोपत्रवालाहरुको अधिकार तथा प्रतिबन्धात्मक ब्यबस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्र खारेजी आदि सम्बन्धित ब्यबस्था प्रचलित कानून बमोजिम हुनेछ । साथै लाभाशं, हकप्रद शेयर आदि सम्बन्धी विवरण वित्तीय संस्थाले नियमित रुपमा आर्जन गर्ने मुनाफा तथा वित्तीय संस्थाको पूँजी योजना अनुसार प्रचलित कानून बमोजिम गरिनेछ ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, बुद्धपथ, बुटवल, रुपन्देही वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेडको कार्यालय, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।
२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा ५० (पचास) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले ५० (पचास) कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० (दश) अंकको गुणाङ्कमा अधिकतम ३,००० (तीन हजार) कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन ।

२. आवेदकले सि–आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनु पर्नेछ ।

३. आवेदकले आबेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची ४ बमोजिमको सि–आस्वा रजिष्ट्रेशन फारम भरी **CRN** नं. लिनु पर्नेछ ।

४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा उल्लेख गरेको विवरण मिल्नु पर्नेछ ।

५. आवेदकले **CRN** नं. प्राप्त गरेपश्चात शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ ।

६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि–आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनु पर्नेछ ।

७. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्ट सँग आवेदन फारम भरी बुझाउनु पर्नेछः

   क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।

   ख. आवेदकको नाम, थर, ठेगाना, नागरिता नं., दरस्तखत, सम्पर्क फोन नं., इमेल ।

   ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता।

   घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।

   ङ. खरिद गर्न चाहेको धितोपत्र बापतको रकम (अंक र अक्षरमा) ।

   च. आवेदकको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

   छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर ।

८. आबेदकले आवेदन दिंदा सि–आस्वा सदस्य बैंक/वित्तीय संस्थाहरुमा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय (Dormant) रहेको हुनहुँदैन ।

९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

१०. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

११. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा नियकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई आदेश बमोजिम गरिनेछ ।

१२. धितोपत्र बाँडफाट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आबेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट **CRN** नं. लिईसकेको हुनुपर्नेछ ।

१४. शेयर बाँडफाँट गरी सूचिकरण भए पश्चात बाँडफाँटमा परेका आबेदकहरुलाई बाँडफाँटमा परेको शेयर नीजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यबस्था गरिनेछ ।

१५. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम ५० (पचास) कित्ता तथा सो भन्दा बढीका लागि १० (दश) अंकले भाग जाने संख्यामा अधिकतम ३,००० (तीन हजार) कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ ।

## ११. <u>सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :</u>

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) **संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति :** सो नभएको ।

(ख) **आधारभूत शेयरधनी :** सो नभएको ।

(ग) **खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य :** सो नभएको ।

(घ) **संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** सो नभएको ।

(ङ) **संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा :** सो नभएको ।

(च) **कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :** सो नभएको ।

१२. **विदेशी लगानी र व्यबस्थापन सम्बन्धी विवरण :** सो नभएको ।

१३. **सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :**

(क) **संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या :** सो नभएको ।

(ख) **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :** सो नभएको ।

१४. **पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :** सो नभएको ।

१५. **परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरण:**

(क) **लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्य सँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

- **लेखापरिक्षक :**
  यस वित्तीय संस्थाको आ.ब.०७३/०७४ को लेखापरिक्षण एनबिएसएम एण्ड एशोसियट्सका चार्टर्ड एकाउन्टेण्ट श्री दुर्गा प्रसाद ज्ञवालीले गर्नु भएको हो ।
- **निष्काशन बैंक (Banker to the Issue) :**
  "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा यो व्यबस्था लागु नहुने ।
- **वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने बिज्ञ :**
  यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने बिज्ञमा वित्तीय संस्था आफै रहेको छ ।
- **वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठिक छ भनी प्रमाणित गर्ने बिज्ञ :**
  यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने बिशेषज्ञमा आर.के.एस. एण्ड एसोसियट्सका चार्टर्ड एकाउन्टेण्ट श्री राजेश कुमार शाह रहेको छ ।

(ख) **माथि खण्ड (क) मा उल्लेखित संस्था वा ब्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु :**

- **लेखापरिक्षक :** सो नभएको ।
- **निष्काशन बैंक (Banker to the Issue) :**
  "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा यो व्यबस्था लागु नहुने ।

१६. **आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :** सो नभएको ।

१७. **मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) **संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा ब्यवस्थापनको धारणा :** सो नभएको।

(ख ) **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :** सो नभएको।

(ग) **विगत पाँच बर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्ने :** सो नभएको ।

(घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :** सो नभएको ।

**१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**
निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुभाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा एउटा छुट्टै कक्षको ब्यवस्था गरिएको छ । कुनै पनि लगानीकर्ताले यस निष्काशन सँग सम्बन्धित बिषयमा कुनै गुनासो वा सुझावका लागि सम्पर्क अधिकृत श्री राम कुमार महतलाई नीजकै कार्यकक्षमा वा नीजलाई कार्यालय समयभित्र ४००५०८० (एक्स ४४४) मा सम्पर्क गर्न सकिनेछ ।

**१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो ब्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धि विवरण, निष्काशन गरिएको धितोपत्र संख्या र दर सम्बन्धि विवरण** : सो नभएको ।

**२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण** : हालसम्म वित्तीय संस्थाले कुनै ऋणपत्र जारी गरिएको छैन ।

**२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी ब्यवस्था :** हालसम्म वित्तीय संस्थाले अग्राधिकार शेयर जारी गरिएको छैन ।

**२२. अन्य सामान्य जानकारी :**
(क) **विशेषज्ञको कुनै राय भएमा सो को विवरण :**

श्री संचालक समिति,
चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड,
वुटवल, रुपन्देही ।

बिषय : प्रक्षेपित वित्तीय विवरणको प्रतिवेदन ।

महोदय,

यहाँको अनुरोधमा हामीले चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेडको आ.ब.२०७५/०७६, २०७६/०७७ र २०७७/०७८ को प्रक्षेपित वित्तीय विवरणको पुनरावलोकन (Review) गरेका छौं । यस प्रतिवेदन हाम्रो बुझाईमा, चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेडले सर्वसाधारणको लागि शेयर निष्काशनको निमित्त विवरणपत्र (Prospectus) तयार पार्न प्रस्तुत गर्नेछ । संलग्न प्रक्षेपित वित्तीय विवरण निम्न कुराहरुमा आधार रहेको जानकारी गराईन्छ :

१. वित्तीय संस्थाको आ.ब.२०७१/०७२, २०७२/०७३ र २०७३/०७४ को लेखापरिक्षण भएको वित्तीय विवरणहरु तथा आ.ब.२०७४/०७५ आषाढ मसान्त सम्मको लेखापरिक्षण पूर्वको वित्तीय विवरणहरु,
२. हामीलाई जानकारी गराइएको तथा हामीले जानकारी लिएको आवश्यक सूचनाहरु,
३. वित्तीय संस्थाले अबलम्बन गरेको लेखा नीतिहरु, र
४. अनुसूची "क" मा प्रस्तुत गरिएको प्रमुख अनुमानहरु ।

उपरोक्त प्रक्षेपण विगत बर्षहरुको वास्तविक आँकडा तथा आउँदो बर्षको संचालन योजनाको आधारमा वित्तीय संस्थाको ब्यवस्थापनले तयार पारेको हो र हामीले उक्त प्रक्षेपित विवरण अनुसूची "क" मा प्रस्तुत गरिएको प्रमुख अनुमानहरु बमोजिम तयार पारिएको छ भनी प्रमाणिकरण मात्र गरको हौं ।

सि.ए. राजेश कुमार शाह, एफ.सि.ए.
प्रोप्राइटर
आर.के.एस. एण्ड एसोसियट्स
चार्टड एकाउन्टेनट्स

(ख) **गत तीन आर्थिक बर्ष भित्रमा कुनै संचालक, लेखापरिक्षक परिवर्तन भएको भए, सो को कारण :**
गत तीन आर्थिक बर्ष भित्रमा कुनै संचालक तथा लेखापरिक्षक परिवर्तन नभएको ।

(ग) **कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**
मैदान–५, अर्घाखाँची स्थायी बसोबास रहनु भएको अर्थशास्त्र बिषयमा स्नातकोत्तर सम्मको शैक्षिक योग्यता हासिल गरी कृषि विकास बैंकबाट सेवा निर्वित श्री लक्ष्मण घिमिरेलाई यस वित्तीय संस्थाको कम्पनी सचिवको जिम्मेवारी दिइएको छ ।

(घ) **सार्वजनिक निष्काशन गर्नको लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**
वित्तीय संस्थाको मिति २०७५/१/१४ गते बसेको संचालक समितिको ५६औं बैठकबाट सर्वसाधारणहरुलाई छुट्टयाएको रु.५ करोड ४० लाख रकम बराबरको ५,४०,००० कित्ता साधारण शेयर सर्वसाधारणहरुमा निष्काशन गर्नका लागि एनआईबिएल एस क्यापिटल लि. लाजिम्पाट, काठमाण्डौंलाई निष्काशन तथा बिक्री प्रबन्धक नियुक्त गर्ने निर्णय भएको छ । वित्तीय संस्थाको मिति २०७५/७/१२ गते बसेको संचालक समितिको ६३औं बैठकबाट सर्वसाधारणहरुलाई छुट्टयाएको रु.६ करोड रकम बराबरको ६,००,००० कित्ता साधारण शेयर सर्वसाधारणहरुमा निष्काशन गर्नका लागि एनआईबिएल एस क्यापिटल लि. लाजिम्पाट, काठमाण्डौंलाई निष्काशन तथा बिक्री प्रबन्धक नियुक्त गर्ने निर्णय भएको छ ।

(ङ) **संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

(च) **संगठित संस्थाको पछिल्लो आर्थिक बर्षको लेखापरिक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**
वित्तीय संस्थाको पछिल्लो आर्थिक बर्षको लेखापरिक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण कार्यालय समयभित्र वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, बुद्धपथ, बुटवल, रुपन्देही र धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क राखि प्राप्त गर्न वा हेर्न सकिनेछ ।

(छ) **बोनस शेयर सम्बन्धी ब्यबस्था :** हाल सम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचिलित बोनस शेयर निष्काशन सम्बन्धी ब्यबस्था अनुसार बोनस शेयर जारी गर्न सकिनेछ ।

(ज) **शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**
यस विवरणपत्रद्वारा निष्कासन गरिने प्रति साधारण शेयर रु.१००/–अङ्कित मूल्य (Par Value) का कुल ६,००,००० कित्ता साधारण शेयर मध्ये जारी पूँजीको ०.५% अर्थात ९,३०० कित्ता साधारण शेयरहरु वित्तीय संस्थाको सेवामा रहेका कर्मचारीहरुको लागि तथा सर्वसाधारणहरुलाई छुट्टयाएको शेयर मध्येको ५% अर्थात ३०,००० कित्ता साधारण शेयरहरु सामुहिक लगानी कोषको लागि छुट्याएर सुरक्षित गरिएको छ । यसरी छुट्याइएको शेयर कर्मचारीहरुको हकमा संचालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँट गर्नेछ तथा सामूहिक लगानी कोषको हकमा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम बाँडफाँट गरिनेछ । कर्मचारी तथा सामुहिक लगानी कोषहरुबाट सम्पूर्ण शेयरको लागि माग भई नआएको अवस्थामा बाँकी शेयरहरु सर्वसाधारणमा बाँडफाँड गरिनेछ ।

(झ) **वित्तीय संस्थाले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**
वित्तीय संस्थाले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने लघुवित्त वित्तीय संस्थाको उद्घोषण रहेको छ । साथै यस वित्तीय संस्थाले कम्पनी रजिष्ट्रारको कार्यालयमा आर्थिक बर्ष २०७३/०७४ सम्मको विवरण पेश गरेको हुनाले उक्त आर्थिक बर्ष सम्ममा यस वित्तीय संस्था कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको र सो ब्यहोराको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७४/१२/२८, च.नं.३६१७४/०७४/७५ को पत्रबाट प्राप्त भएको छ ।

(ञ) **धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**
यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुका तथा तिनका तोकिएको शाखा कार्यालयहरुबाट आबेदन दिनसक्ने ब्यबस्था गरिएको छ ।

(ट) **क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यबस्था :**
यस विवरणपत्र अनुसार सर्वसाधारणहरुमा निष्काशन गरिने साधारण शेयरको लागि “क्रेडिट रेटिङ्ग नियमावली, २०६८” को नियम ३ मा भएको ब्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई “ईक्रा एनपि आईपिओ ग्रेड ४” प्रमाणपत्र प्राप्त गरेको छ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । “ईक्रा एनपि आईपिओ ग्रेड ४” ले औसत भन्दा कमजोर (Below Average Fundamental) आधारहरु जनाउँदछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

(ठ) **विवरणपत्र तयार गर्नेको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभवको विवरण :**
यस विवरणत्रप तयार गर्ने व्याबसायिक संस्थामा निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौं रहेको छ ।

(ड) **शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**
नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस वित्तीय संस्थाको कार्यालयबाट वा वित्तीय संस्थाको संचालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

(ढ) **सकारात्मक पक्षहरु :**
१) लघुवित्त क्षेत्रका अनुभवी तथा दक्ष व्यक्तिहरुद्वारा स्थापित भएकोले यस लघुवित्त वित्तीय संस्थाको व्यबस्थापन सक्षम तथा प्रभावकारी भएको ।

२) स्थानीय समुदायमा वित्तीय संस्थाले बनाएको अमिट छाप,
३) छिटो छरितो सेवा एवं निर्णय दिने वातावरण,
४) वित्तीय संस्थाको सञ्चालक समिति र व्यवस्थापनमा रहेको अन्तराष्ट्रिय, राष्ट्रिय तथा स्थानीय स्तरको ज्ञान र अनुभव,
५) नीतिगत पारदर्शिता र बलियो संस्थागत शुसासन,
६) सामाजिक जिम्मेवारी र दायित्व

**(ण) साधारण शेयरको विक्री खुल्ला अवधि :**
यस विवरणपत्रद्वारा सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणहरुमा जारी गरिने साधारण शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तिमा ४ (चार) कार्य दिन र बढीमा ३० दिन सम्म खुल्ला रहनेछ ।

**२३. संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत :**
यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालकहरुको नाम तथा दस्तखत ।

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री जगत बहादुर पोखरेल | अध्यक्ष | |
| २. | श्री तिलक भुसाल | संचालक | |
| ३. | श्री पुष्पराज ढकाल | संचालक | |
| ४. | श्री कृष्णप्रसाद देवकोटा | संचालक | |
| ५. | श्री गोपाल प्रसाद बस्याल | संचालक | |
| ६. | श्री ईन्दिरा पन्थी | स्वतन्त्र संचालक | |

२४. निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) को प्रति :

NIBL ACE CAPITAL
Managing shares. Managing investments.

Ref: 1065\075\076

२०७५/७/२५

श्री नेपाल धितोपत्र बोर्ड,
संस्थागत वित्त विभाग,
जावलाखेल, ललितपुर ।

बिषय : धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध बारे ।

महोदय,

लुम्बिनी अञ्चल, रुपन्देही जिल्ला, वुटवल नगरपालिका, ट्राफिकचोक ६, वुटवल ठेगाना भएको चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेडले सर्वसाधारणहरुका लागि जारी गर्न लागेको रु.१००/–दरको ६,००,००० (छ लाख) कित्ता साधारण शेयरहरुको निष्काशन गर्नको लागि निष्काशन तथा विक्री प्रबन्धकको रुपमा सेवा दिन यस कम्पनी मञ्जुर गर्दछ । सर्वसाधारणहरुलाई साधारण शेयर जारी गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्बद्ध कानूनमा भएको व्यवस्था अनुसार शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. संगठित संस्थाको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणत्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. धितोपत्र कारोवार नियमावली अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा निष्काशनकर्ता कम्पनीद्धारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो ऐन अन्तर्गत बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको धितोपत्र सूचिकरण विनियमावली, २०५३ बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. सर्वसाधारणलाई विवरणपत्र सरल तरीकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशन कम्पनी संग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।

५. त्यस बोर्डबाट जारी गरिएको धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिकामा उल्लेखित सवै कुराहरु अध्ययन गरि सो निर्देशिकाको व्यवस्थाहरु संग अनुरुप हुने गरी सम्बन्धित कम्पनी/संगठित संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएको छ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक तर्फबाट

**एनआईबिएल एस क्यापिटल लिमिटेड**

| | | |
|---|---|---|
| नाम | : | मेख बहादुर थापा |
| पद | : | महाप्रबन्धक |
| सही | : | |
| कार्यालयको छाप : | | NIBL ACE CAPITAL Managing shares. Managing investments. Kathmandu, Nepal |

धितोपत्र बोर्ड ललितपुर 061284

NIBL ACE CAPITAL LIMITED
एनआईबिएल एस क्यापिटल लिमिटेड
(Wholly Owned subsidiary of Nepal Investment Bank Limited)
P.O. Box 23224, Lazimpat, Kathmandu
T : +977-1-4005080, 4419421, 4425280
F : +977-1-4005084
E : info@niblacecapital.com

२५. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा बिज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

# RKS & Associates

Chartered Accountants

कात्तिक १९, २०७५

श्री संचालक समिति,

चौतारी लघुवित्त वित्तीय संस्था लिमिटड, बुटवल, रुपन्देही

विषय :प्रक्षेपित वित्तीय विविरणको प्रतिवेदन

महोदय,

यहाँको अनुरोधमा हामीले चौतारी लघुवित्त वित्तीय संस्था लिमिटडको आ.ब. २०७५/७६, २०७६/७७ र २०७७/७८ को प्रक्षेपित वित्तीय विवरणको पुनरावोलकन (Review) गरेका छौं । यस प्रतिवेदन, हाम्रो बुझाईमा, चौतारी लघुवित्त वित्तीय संस्था लिमिटडले सर्बसाधरणको लागी शेयर निष्कासनको निमित्त विवरण पत्र (Prospectus) तयार पार्न प्रस्तुत गर्नेछ । संलग्न प्रक्षेपित वित्तीय विवरण निम्न कुराहरुमा आधार रहेको जानाकारी गराईन्छ :

१. वत्तीय संस्थाको आर्थिक बर्ष २०७१/७२, २०७२/७३ र २०७३/७४, लेखापरिक्षण भएको वित्तीय विवरणहरु तथा आ.ब. २०७४/७५ को आषाढमसान्त सम्मको लेखापरिक्षण पुर्वको वित्तीय विवरणहरु,

२. हामीलाई जानकारी गराईएको तथा हामीले जानकारी लिएको आवश्यक सुचनाहरु,

३. वत्तीय संस्थाले अवलम्बन गरेको लेखा नीतिहरु, र

४. अनुसूची "क" मा प्रस्तूत गरिएको प्रमुख अनुमानहरु() ।

उपरोक्त प्रक्षेपण विगत वर्षहरुको वास्तविक आँकडा तथा आउँदो वर्षको संचालन योजनाको आधारमा वत्तीय संस्था व्यवस्थापनले तयार पारेको हो र हामीले उक्त प्रक्षेपित विवरण अनुसूची "क" मा प्रस्तुत गरिएको प्रमुख अनुमानहरु बमोजिम तयार पारिएको छ भनि प्रमाणिकरण मात्र गरेका हौं ।

Kathmandu Nepal Chartered Accountants Associates

सि.ए. राजेश कुमार साह, एफ.सि.ए.
प्रोप्राईटर

आर.के.एस. एण्ड एसोसियट्स
चार्टड एकाउन्टेनट्स

मिति : २०७५/०७/१९
स्थान : काठमाडौं ।

## चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड

अनूसुची (क)

वित्तीय प्रक्षेपणका प्रमूख आधारहरु :

**१. कर्जा तथा सापटः**

संस्थाको आ.ब. २०७२।७३ को आषाढ मासन्तबाट आ.ब. २०७३।७४ को आषाढ मसान्त सम्ममा असल कर्जा भएको तथा संस्थाको आ.ब. २०७४।७५ को आषाढ मसान्तसम्ममा करिब १०४ प्रतिशतको बृद्धि भएको र सं अनूसार २०७५।७६, २०७६।७७ र २०७७।७८ मा क्रमस ३०, २२ र २० प्रतिशतले कूल कर्जा बृद्धि हूने प्रक्षेप

कर्जा तथा सापटमा प्राप्त हूने औसत ब्याज दर आ.ब. २०७५।७६, २०७६।७७ र २०७७।७८ को लागि क्रमस हूने अनूमान गरिएको छ ।

कर्जा तथा सापट को निक्षेप र प्राथमिक पूंजीको (CD Ratio) अनूपात नेपाल राष्ट्र बैंकले तोकेको अनूपात अनूरुप रहने गरी कर्जा तथा सापट प्रक्षेपण गरीएको छ । जस अनुरुप आ.ब. २०७५।७६, २०७६।७७ र २०७७।७८ को लागि प्रतिशत हूने प्रक्षेपण गरिएको छ ।

कर्जा नोक्सानी व्यवस्था आ.ब. २०७५।७६, २०७६।७७ र २०७७।७८ को लागि कूल कर्जा तथा सापटको क्रम कायम रहने अनूमान गरिएको छ ।

**२. निक्षेपः**

संस्थाको आ.ब. २०७२।७३ को आषाढ मासन्तबाट आ.ब. २०७३।७४ को आसाढ मसान्त सम्ममा जम्मा निक्षे बृद्धि भएको तथा संस्थाको आ.ब. २०७४।७५ को आषाढसम्ममा १५०।४८ प्रतिशतले बृद्धि भएको र संस्था अनूसार आ.व. २०७५।७६, २०७६।७७ र २०७७।७८ मा क्रमस ५०, ४० र ३३।९५ प्रतिशतले कूल निक्षेप बृ

निक्षेप दायित्वमा तिर्नूपर्ने औसत व्याजदर आ.ब. २०७५।७६, २०७६।७७ र २०७७।७८ को लागि क्रमस ६।७५, रहने अनूमान गरिएको छ ।

# चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड

अनूसुची (क)

वित्तीय प्रक्षेपणका प्रमूख आधारहरु :

३. <u>तरलता:</u>

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको वैधानिक तरलता अनूपात (Statutory Liquidity Ratio) आ.ब. २०७५।७६, २०७ २०७७।७८ को लागि क्रमस १५।०१, १३।०३ र ११।८९ कायम हूने गरी लगानी प्रक्षेपण गरीएका छ ।

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको अनिवार्य मौज्दात (Cash Reserve Requirement-CRR) आ.व. २०७५।७६, २०७ २०७७।७८ को लागि क्रमस ०।२३, ०।३७ र ०।५४ प्रतिशत कायम हूने गरी लगानी प्रक्षेपण गरीएका छ ।

४. संचालन नाफाको १० प्रतिशत रकम कर्मचारी वोनस व्यवस्थाको लागी छूट्याइएको छ ।

५. आउंदो वर्षहरुको लागी बैंकले आर्जन गर्ने नाफामा ३० प्रतिशतको दरले आयकरको लागी व्यवस्था गरिएको छ

६. गत वर्षहरुको वास्तविक आंकडा तथा आउंदो वर्षको संचालन योजनाको आधारमा व्यवस्थापन द्वारा वित्तीय विवरण प्रक्षेपण गरिएको हो ।

७. पूजि प्रयाप्तता(Capital Adequacy) को मात्रा नेपाल राष्ट्र बैंकले तोकेको अनूपात अनूरुप रहने गरी प्रक्षेपण गरीएको छ । जस अनुरुप पूजिकोषको अनूपात आ.ब. २०७५।७६, २०७६।७७ र २०७७।७८ को लागि क्रमस : र प्राथमिक पूजिको अनूपात आ.ब. २०७५।७६, २०७६।७७ र २०७७।७८ को लागि क्रमस २१।९०, २१।५२ र गरिएको छ ।

सि. ए. राजेश कूमार शाह
आर के एस एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स
मिति